सार्वजनिक संस्थानको सम्भावित दायित्व लेखाङ्कन तथा प्रतिवेदन कार्यविधि, २०८२

नेपाल सरकार

अर्थ मन्त्रालय

विषयसूची

सार्वजनिक संस्थानको सम्भावित दायित्व लेखाङ्कन तथा प्रतिवेदन कार्यविधि, २०८२

प्रस्तावनाः १

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः २

२. परिभाषाः २

परिच्छेद-२

व्यवस्था (Provision)को पहिचान र सम्भावित दायित्वको खुलासा

३. व्यवस्था (Provision)को पहिचानः ३

४. सम्भावित दायित्वः ३

५. सम्भावित दायित्वको लेखाङ्कनः १५

६. दायित्वको पहिचान र खुलासाको निर्णयः १६

७. व्यवस्था (Provision)को मापनः १९

८. सम्भावित दायित्वको खुलासाः २७

परिच्छेद-३

जमानत

९. सरकारी जमानतः ३५

१०. सरकारी जमानत सङ्कलनः ३५

परिच्छेद-४

सम्भावित दायित्व एकीकृत गर्ने प्रक्रिया

११. सम्भावित दायित्व एकीकृत गर्ने प्रक्रियाः ३६

१२. क्षमता विकासः ४०

१३. पुनरावलोकन तथा सम्पुष्टि ४०

१४. एकीकृत विवरण तयार गर्नेः ४०

परिच्छेद-५

प्रतिवेदन

१५. प्रतिवेदनः ४२

१६. तथ्याङ्क व्यवस्थापन (Database Management): ४४

१७. व्याख्या तथा बाधा अड्काउ फुकाउः ४५

अनुसूचीहरु

अनुसूची १ जमानतको विवरण सङ्कलनको ढाँचा ४६

अनुसूची २ सम्भावित दायित्वको विवरण सङ्कलनको ढाँचा ४७

अनुसूची ३ सम्भावित दायित्वको प्रतिवेदन ढाँचा ४८

अनुसूची ४ दायित्व स्थापित (Crystallization) हुने सम्भावनाको कारक तत्वहरू ५१

सार्वजनिक संस्थानको सम्भावित दायित्व लेखाङ्कन तथा प्रतिवेदन कार्यविधि, २०८२

प्रस्तावनाः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १२ मा सम्भावित दायित्व र प्रतिबद्धताको व्यवस्थापनको सन्दर्भमा प्रचलित सङ्घीय कानुन बमोजिम सिर्जित आर्थिक दायित्व तथा विभिन्न सन्धि सम्झौता वा अदालतको निर्णय तथा आदेशबाट बेहोर्न पर्ने सम्भावित आर्थिक दायित्व वा राजस्व छुट दिन प्रतिबद्धता जनाएको भए सोको आधारमा सिर्जना भएको दायित्व बापतको रकमको स्पष्ट व्यहोरा देखिने गरी अर्थ मन्त्रालयले अभिलेख राख्नु पर्ने व्यवस्था रहेको छ। यसैगरी सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ को दफा १४ मा सरकारले जमानत दिन सक्ने व्यवस्था रहेको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २० को उपनियम (२) मा नेपाल सरकारले दातृ पक्षसँग गरेको सन्धि सम्झौता बमोजिम कुनै शुल्क वा दस्तुर सम्बन्धी दायित्व सिर्जना भएकोमा बाहेक अन्य दायित्व सम्बन्धी अभिलेख सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले राख्नुपर्ने व्यवस्था रहेको छ।

हाल नेपाल सरकारको ५० प्रतिशत भन्दा बढी स्वामित्व रहेका ४५ वटा सार्वजनिक संस्थान (SOEs) रहेका छन्। यी संस्थानको कुल सञ्चालन आय देशको कुल गार्हस्थ्य उत्पादन (GDP) को ११.५७[1] प्रतिशत बराबर रहेको छ। सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा २०८२ अनुसार हाल २१ खर्व बराबरको सम्भावित दायित्व रहने अनुमान छ जुन सार्वजनिक संस्थान व्यवस्थापनको एक प्रमुख आर्थिक जोखिमको रूपमा रहेको देखिन्छ। यी सार्वजनिक संस्थानले आफ्नो आर्थिक अवस्थालाई सुदृढ गर्दै सञ्चालनमा आउन सकेनन् भने सम्भावित दायित्वले राष्ट्रिय बजेट र वित्तीय स्थायित्वमा समेत प्रभाव पार्न सक्छ। यस आधारमा नेपाल सरकारको स्वामित्वमा रही सञ्चालनमा रहेका सार्वजनिक संस्थानको सम्भावित दायित्व लेखाङ्कन गरी अभिलेखबद्ध गर्न आवश्यक भइसकेको छ।

सार्वजनिक संस्थानको यस्तो सम्भावित दायित्वको समयमा नै पहिचान, मापन, वर्गीकरण, लेखाङ्कन, प्रतिवेदन र खुलासा नभएमा सम्भावित जोखिमले निम्त्याउन सक्ने वित्तीय सङ्कटको अवस्थालाई दृष्टिगत गर्दै समयमै यसको उचित व्यवस्थापन गर्न सम्बन्धित संस्थानलाई समेत जिम्मेवार बनाउँदै लैजाने उद्देश्यले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधनसमेत) ऐन, २०७६ को दफा ६५ को उपदफा (२) को अधिनमा रही अर्थ मन्त्रालयले "सार्वजनिक संस्थानको सम्भावित दायित्व लेखाङ्कन तथा प्रतिवेदन कार्यविधि, २०८२" जारी गरेको छ। यस कार्यविधिले सम्भावित दायित्वको पहिचान, वर्गीकरण, मूल्याङ्कन, प्रतिवेदन र खुलासाका लागि एकरूपता (Standardized Framework) कायम गर्न दिशानिर्देश गर्नेछ।

---

[1] सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा २०८२ पृ. १८

परिच्छेद-१
प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "सार्वजनिक संस्थानको सम्भावित दायित्व लेखाङ्कन तथा प्रतिवेदन कार्यविधि, २०८२" हुनेछ।

(२) यो कार्यविधि नेपाल सरकार, अर्थ मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "**ऐन**" भन्नाले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ सम्झनु पर्दछ।

(ख) "**कार्यालय**" भन्नाले सार्वजनिक ऋण व्यवस्थापन कार्यालय सम्झनु पर्दछ।

(ग) "**जमानत**" भन्नाले ऋणीद्वारा ऋण भुक्तानी नगरेको वा चुक्ता नगरेको अवस्थामा ऋण वा अन्य दायित्वको सम्पूर्ण वा आंशिक जिम्मेवारी लिने जमानीकर्ताको कानूनी रूपमा बाध्यकारी प्रतिबद्धता सम्झनु पर्दछ। सो शब्दले सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ को दफा १४ बमोजिम प्रदान गरिएको जमानत समेतलाई जनाउँछ।

(घ) "**मन्त्रालय**" भन्नाले नेपाल सरकार, अर्थ मन्त्रालय सम्झनु पर्दछ।

(ङ) "**व्यवस्था (Provision)**" भन्नाले समय वा रकम निश्चित नभएको दायित्व सम्झनु पर्दछ।

(च) "**संस्थान**" भन्नाले नेपाल सरकारले सार्वजनिक संस्थान भनी सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षामा समावेश भएका पचास प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व भएका संस्थान सम्झनु पर्दछ र सो शब्दले पचास प्रतिशत भन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार र कुनै संस्थानको स्वामित्व भएको सार्वजनिक संस्थान समेतलाई जनाउँछ।

(छ) "**सम्भावित दायित्व**" भन्नाले नेपाल लेखामान ३७ बमोजिमको सम्भावित दायित्व सम्झनु पर्दछ।

परिच्छेद-२
व्यवस्था (Provision)को पहिचान र सम्भावित दायित्वको खुलासा

३. **व्यवस्था (Provision)को पहिचानः** (१) यस कार्यविधिको अधीनमा रही संस्थानले तयार गर्ने वार्षिक वित्तीय विवरणमा नेपाल लेखामान ३७ बमोजिम देहायका सर्तहरू पुरा भएको खण्डमा व्यवस्था (Provision) लेखाङ्कन गरी वित्तीय विवरण तयार गर्नु पर्नेछः-

(क) विगतका घटनाले वर्तमानमा कुनै कानुनी वा सिर्जित जिम्मेवारी बहन गर्नु पर्ने अवस्थाको सिर्जना भएको हुनु पर्दछ,

(ख) खण्ड (क) अनुसारको जिम्मेवारी पूरा गर्न खर्च बेहोर्नु पर्ने सम्भावना हुनु पर्दछ,

(ग) खण्ड (ख) अनुसार दायित्व बेहोर्नु पर्ने रकमको भरपर्दो अनुमान गर्न सकिने हुनु पर्दछ।

(२) खण्ड (क), (ख) र (ग) मा उल्लिखित सर्त अनुसार व्यवस्थाको रुपमा पहिचान गर्न नसकिने घटनाहरु सम्भावित दायित्व हुन सक्छन्।

४. **सम्भावित दायित्वः** (१) संस्थानको विगतमा भएको घटनाले वर्तमानमा दायित्व सिर्जना नभएको तर भविष्यमा दायित्व सिर्जना हुन सक्ने भएको खण्डमा त्यस किसिमको जिम्मेवारीलाई सम्भावित दायित्वको रुपमा खुलासा गर्नु पर्दछ।

(२) उपदफा (१) बमोजिम सम्भावित दायित्व हुनका लागि देहायका सर्त पुरा भएको हुनुपर्छः-

(क) विगतमा भएका घटनाले सिर्जना गरेको दायित्व पूरा गर्नुपर्ने वा नपर्ने अवस्था भविष्यको अनिश्चित घटनामा निर्भर हुने भएकोले संस्थानले त्यसलाई पूर्ण रूपमा नियन्त्रण गर्न नसक्ने भएको, वा

(ख) विगतका घटनाबाट वर्तमानमा दायित्व सिर्जना भएको तर जिम्मेवारी पूरा गर्न रकम बेहोर्नु पर्ने सम्भावना कम भएको, वा

(ग) उक्त दायित्वको कुल रकम निश्चित र भरपर्दो रूपमा मापन गर्न कठिनाइ हुने भएको।

उदाहरणः

खाद्यान्नको व्यापार गर्ने एक संस्थानको सञ्चालन उद्देश्य कृषकलाई उत्पादनको उचित मूल्य प्रदान गरी सहज र सुपथ मूल्यमा उपभोक्तालाई खाद्यान्न उपलब्ध गराउनु रहेको छ। अर्को तर्फ सरकारी संस्थान भएकोले सरकारको नीति तथा कार्यक्रमलाई पनि सघाउ पुऱ्याउनु पर्ने दायित्व रहेको छ। विगत देखि नै सरकारले मनसुनको समयमा आउने बाढीबाट प्रभावित समुदायका बासिन्दाहरूलाई निःशुल्क खाद्यान्न वितरणमा यस संस्थानलाई संलग्न गराउँदै आएको छ। यस लिमिटेडको उद्देश्य अनुसार कानुनी दायित्व नभए तापनि भविष्यमा आउन सक्ने

बाढीबाट प्रभावित हुन सक्ने मानिसहरूलाई निःशुल्क खाद्यान्न सहयोग पुऱ्याउनु पर्ने र सम्भावित पीडितले सहयोग पाउने अपेक्षा राख्ने अवस्था रहन्छ। यस लिमिटेडले यस प्रकारको दायित्वलाई सिर्जित दायित्वको रूपमा खुलासा गर्नु पर्नेछ।

(४) संस्थानले सम्भावित दायित्वको पहिचान गर्न देहाय बमोजिमको निर्णय सुत्र (Decision Tree) अवलम्बन गर्न सकिन्छ। यस निर्णय रूपरेखा (Decision Tree)मा उल्लिखित प्रक्रिया नेपाल लेखामान ३७ का सिद्धान्त अनुसार निर्माण गरिएको छ। यसको प्रयोगबाट सार्वजनिक संस्थानले दायित्वको व्यवस्था (Provision) गर्ने, सम्भावित दायित्वको (Contingent Liability) खुलासा गर्ने वा यस विषयमा थप केही गर्नु नपर्ने सम्बन्धमा यकिन गर्न सहयोग पुऱ्याउँछ।

सम्भावित दायित्व पहिचान (Recognition) को निर्णय रूपरेखा (Decision Tree)



<u>चरणबद्ध व्याख्या</u>

चरण १ः के घटना उच्च सम्भावना भएको दायित्व (Probable Obligation) हो ?

- **यदि हो भने** स्रोतको बहिर्गमन (Outflow of Resources) हुनसक्ने उच्च सम्भावना छ कि छैन, मूल्याङ्कन गर्ने।
- **यदि होइन भने** मध्यम सम्भावना भएको दायित्व (Possible Obligation) हो कि होइन, विचार गर्ने।

चरण २ः के घटनामा आर्थिक स्रोतको बहिर्गमन (Outflow) हुन सक्ने सम्भावना छ ?

- **यदि छ भने** घटनाको बारेमा भरपर्दो अनुमान गर्न सकिन्छ वा सकिँदैन, यकिन गर्ने।
- **यदि छैन भने** वित्तीय विवरणमा लेखाङ्कन नगरी सम्भावित दायित्वको रूपमा लेखा टिप्पणीमा खुलासा गर्ने।

चरण ३ः के घटनाबाट सिर्जना हुने दायित्व रकमको भरपर्दो अनुमान गर्न सकिन्छ ?

- **यदि सकिन्छ भने** वित्तीय विवरणमा व्यवस्था (Provision) लेखाङ्कन गर्ने।
- **यदि सकिँदैन भने** न्यून सम्भावना भएकोले वित्तीय विवरणमा लेखाङ्कन नगरी सम्भावित दायित्वको रूपमा लेखा टिप्पणीमा खुलासा गर्ने।

चरण ४ः यदि घटनाबाट दायित्व सिर्जना हुने उच्च सम्भावना छैन भने, के मध्यम सम्भावना भएको दायित्व छ ?

- यदि **छ भने के स्रोत बहिर्गमन हुनसक्ने सम्भावना न्यून (Remote) छ?**
- **यदि सम्भा**वना न्यून छ भने टिप्पणीमा खुलासा आवश्यक छैन।

चरण ५ः के आर्थिक स्रोत बहिर्गमन हुनसक्ने सम्भावना न्यून (Remote) छ ?

- यदि छ भने सम्भावित दायित्वलाई वित्तीय विवरणमा खुलासा गर्न आवश्यक छैन।
- यदि छैन भने सम्भावित दायित्वको रूपमा लेखा टिप्पणीमा खुलासा गर्ने।

मामिलाः आन्तरिक कारणबाट सिर्जित दायित्व

वि.सं. २०३५ मा स्थापना भएको एक उत्पादनमूलक संस्थान विगत पाँच वर्षदेखि निरन्तर सञ्चालन घाटामा रहेको छ। यसले गर्दा संस्थानको सञ्चित नोक्सान संस्थानको खुद स्थिर पुँजी बराबर पुग्न लागेको छ। सञ्चालन आय बढाई संस्थानलाई सञ्चालन नाफाको अवस्थामा पुऱ्याउन विभिन्न प्रयास भए तापनि अपेक्षा अनुरूप नतिजा हासिल हुन सकेको छैन। सञ्चालन नाफा आर्जन गर्न सक्षम हुन सरकारले समेत संस्थानलाई दबाब दिँदै आएको छ। संस्थानले स्वतन्त्र परामर्शदाताबाट विभिन्न पटक अध्ययन गराउँदा सञ्चालन घाटामा हुनको मुख्य कारण संस्थानमा जडान भएको पुरानो प्रविधिको उत्पादन युनिट पहिचान भएको छ। उत्पादनका लागि प्रयोग गरेको प्रविधि र उपकरण संस्थान स्थापना कालमा जडान

भएको पाइयो। अझै पनि संस्थानले यही प्रविधि र उपकरण प्रयोग गरी वस्तु उत्पादन गर्दा उत्पादन लागत बढेको, खेर जाने परिमाण धेरै भएर उत्पादन नोक्सान बढेको पाइयो। संस्थानले नयाँ प्रविधिको उपकरण जडान गर्दा हाल प्रयोग गरेको उपकरणमा मात्र उपयोग हुने वस्तुको मौज्दात खेर जाने एवं त्यस्तो वस्तु तथा मर्मत सेवा आपूर्तिको सम्झौता समेत रद्द गर्नु पर्ने, कर्मचारीलाई अवकाश एवं नयाँ प्रविधि जडान गरेमा कामदारलाई तालिम दिनु पर्ने, पुरानो उपकरण हटाउनु पर्ने र नयाँ उपकरणका लागि उत्पादन युनिटको भवनमा निर्माण सुधार गर्नुपर्ने जस्ता विविध पक्षहरू यस घटनासँग सम्बन्धित हुन आउने देखिन्छ। संस्थानको सञ्चालक समितिले भने संस्थानको सुधार आवश्यक ठानी उक्त उपकरण हटाउने निर्णय गरेको छ।

निर्णय रूपरेखा (Decision Tree) को उपयोग कसरी हुन्छ भन्ने सम्बन्धमा देहाय अनुसारको अवस्थाको परिकल्पना गरिएको छ।

(क) वासलात मिति भन्दा अघि सञ्चालक समितिले गरेको निर्णय कार्यान्वयन नभएको

(ख) वासलात मिति भन्दा अघि सञ्चालक समितिले गरेको निर्णय कार्यान्वयनमा ल्याएको

(क) वासलात मितिभन्दा अघि सञ्चालक समितिले गरेको निर्णय कार्यान्वयन नभएको

यस संस्थानको सञ्चालक समितिले उत्पादन युनिट बन्द गर्ने निर्णय गरे तापनि उक्त निर्णयले उत्पादन युनिट बन्द हुँदा प्रत्यक्ष प्रभाव पर्ने कामदार, उत्पादनका लागि आवश्यक वस्तु तथा सेवा मर्मतको आपूर्ति गर्ने आपूर्तिकर्तालाई वासलात मितिसम्म जानकारी गराएको छैन। यसैले सञ्चालक समितिको निर्णय कार्यान्वयन हुने वासलात मितिसम्म सम्भावना देखिँदैन। यस घटनाको चरणबद्ध विश्लेषण गर्दाः

निर्णय रूपरेखा (Decision Tree) को प्रयोगः नेपाल लेखामान ३७ बमोजिमको विश्लेषण

चरण १ः के घटनाले वर्तमानमा दायित्व सिर्जना गर्ने सम्भावना छ?

- यस निर्णयले वर्तमानमा दायित्व सिर्जना गर्ने कुनै घटना हुने देखिँदैन, त्यसैले कुनै दायित्व सिर्जना हुँदैन।
- **चरण २**ः के आर्थिक स्रोत बहिर्गमन हुनसक्ने सम्भावना उच्च वा मध्यम छ? दायित्व सिर्जना भई नसकेकोले आर्थिक स्रोत बहिर्गमन हुन सक्ने सम्भावना छैन।

चरण ३ः के दायित्व रकमको भरपर्दो अनुमान गर्न सकिन्छ?

- दायित्व सिर्जना भई नसकेको हुँदा सम्भावित दायित्व अनुमान गर्न आवश्यक छैन।

<u>नेपाल लेखामान ३७ अन्तर्गतको निष्कर्षः</u>

यस अवस्थामा कुनै व्यवस्था (Provision) लेखाङ्कन गरिँदैन र यसलाई सम्भावित दायित्वको रूपमा समेत खुलासा गर्नुपर्दैन।

(ख) वासलात मिति भन्दा अघि सञ्चालक समितिले गरेको निर्णय कार्यान्वयनमा ल्याएको

यस संस्थानको सञ्चालक समितिले उत्पादन युनिट बन्द गर्ने निर्णय उत्पादन युनिट बन्द हुँदा प्रत्यक्ष प्रभाव पर्ने कामदार, उत्पादनका लागि आवश्यक वस्तु तथा मर्मत सेवा आपूर्ति गर्ने आपूर्तिकर्तालाई वासलात मिति भित्र जानकारी गराएको छ। तसर्थ, सञ्चालक समितिको निर्णय कार्यान्वयन हुने सम्भावना उच्च देखिन्छ। यस घटनाको चरणबद्ध विश्लेषण गर्दाः

चरण १: के घटनाले वर्तमानमा दायित्व सिर्जना गर्ने सम्भावना छ?

- छ। निर्णयको सूचना सम्बन्धित पक्षलाई गराइएकोले उत्पादन युनिट बन्द हुने स्पष्ट र निश्चित अपेक्षा सिर्जना गरेको हुँदा यस अवस्थामा दायित्वको सिर्जना हुन्छ।

चरण २: के आर्थिक स्रोत बहिर्गमन हुन सक्ने सम्भावना उच्च वा मध्यम छ?

- उच्च छ। उत्पादन युनिट बन्द गर्न लाग्ने खर्चको लागि आर्थिक स्रोत बहिर्गमन हुनसक्ने सम्भावना उच्च छ।

चरण ३: के दायित्व रकमको भरपर्दो अनुमान गर्न सकिन्छ?

- सकिन्छ। नेपाल लेखामान ३७ को प्रावधान अनुसार विभाग बन्द गर्दा लाग्ने खर्च भरपर्दो अनुमान गर्नुपर्दछ। यसका लागि प्रभावित कर्मचारीको अवकाश सुविधा, उपकरण हटाउनका लागि लाग्ने लागत, आपूर्तिकर्तासाग गरिएको ठेक्का रद्द गर्दा सम्झौता बमोजिम बेहोर्नु पर्ने रकम अनुमान र पहिचान गर्न सहज छ।

<u>नेपाल लेखामान ३७ अन्तर्गतको निष्कर्ष</u>

२०८१ आषाढ मसान्तमा उत्पादन विभाग बन्द गर्दा लाग्ने खर्चको भरपर्दो अनुमानको आधारमा वित्तीय विवरणमा व्यवस्था (Provision) लेखाङ्कन गर्नुपर्दछ।

मामिलाः बाह्य कारणबाट सिर्जित दायित्व

वायु प्रदूषणलाई मध्यनजर गर्दै सरकारले वि.सं. २०७४ माघमा कोइलाबाट धुँवा उत्सर्जन गर्ने उद्योगले धुवाँ फिल्टर गर्ने उपकरण अनिवार्य रूपमा जडान गर्नु पर्ने गरी नयाँ वायु प्रदूषण नियन्त्रण ऐन जारी गरेको थियो। यस प्रकारको उपकरण जडान गर्न ऐनले नै जारी भएको मितिले पाँच वर्षको समयसीमा प्रदान गरेको थियो। उक्त समयावधि भित्र कुनै उद्योगले धुवाँ फिल्टर गर्ने उपकरण जडान नगरेको खण्डमा उद्योगको कोइला खपतका आधारमा ५ प्रतिशतका दरले हुन आउने रकम वा वार्षिक २० लाख रुपैयाँमध्ये जुन बढी हुन्छ सो रकम जरिबाना लगाउने व्यवस्था समेत गरेको छ। कोइला प्रयोग गरी वस्तु उत्पादन गर्ने एक सार्वजनिक संस्थानको आ.व. २०८०/८१ को वासलात तयार गर्ने क्रममा

लेखापरीक्षकबाट यस कानुन पालना भए नभएको सम्बन्धमा प्रश्न सोधियो। संस्थानले हालसम्म पनि धुवाँ फिल्टर गर्ने कुनै उपकरण जडान नगरी वस्तु उत्पादन गर्दै आएको पाइएको छ।

नेपाल लेखामान ३७ अनुसार निर्णय रूपरेखा (Decision Tree) विश्लेषण

चरण १ः के घटनाले वर्तमानमा दायित्व सिर्जना गर्ने सम्भावना छ?

- छ। संस्थानले धुवाँ फिल्टर गर्ने उपकरण हालसम्म जडान नगरेकोले उक्त कार्य गर्न लाग्ने खर्चको लागि हाल कुनै दायित्व छैन, किनकी दायित्व सिर्जना गर्ने घटना (जडान गर्ने काम) घटेको छैन। अर्को तर्फ संस्थानले कानुन परिपालन विपरीत उत्पादन कार्य गर्दै आएको छ। यहाँ ऐनको उल्लङ्घन भई सकेकोले संस्थानले जरिबाना तिर्ने दायित्व सिर्जना हुन सक्छ। किनकी यस संस्थानले ऐन उल्लङ्घन गरी दायित्व सिर्जना गर्ने घटना घटाइसकेको छ।

चरण २ः के आर्थिक स्रोत बहिर्गमन हुन सक्ने सम्भावना उच्च वा मध्यम छ ?

- छ। कारखाना ऐनको प्रावधान विपरीत सञ्चालन हुँदा ऐनको व्यवस्था बमोजिम जरिबाना तिर्नु पर्ने सम्भावना छ। जारी भएको यस ऐनलाई सरकारले कति कडाइका साथ कार्यान्वयन गर्छ भन्ने आधारमा दायित्व सिर्जनाको सम्भावना कति छ भन्ने कुरामा निर्भर हुन्छ।

चरण ३ः के दायित्व रकमको भरपर्दो अनुमान गर्न सकिन्छ ?

- सकिन्छ। संस्थानले नेपाल लेखामान ३७ का प्रावधानको पालना गर्दै कोइला खपतको ५ प्रतिशत वा २० लाख रुपैयाँ मध्ये जुन बढी हुन्छ सो रकम सम्भावित जरिबाना बापत भरपर्दो अनुमान गर्नुपर्ने हुन्छ।

नेपाल लेखामान ३७ अन्तर्गतको निष्कर्ष

हालसम्म सरकारले कुनै कानुनी कारबाही अघि नबढाइ सकेकोले दायित्व सिर्जना भएको छैन। संस्थानले तत्काल धुवाँ फिल्टर गर्ने उपकरण जडान गर्ने योजना समेत स्वीकृत नगरेकोले उक्त कार्यका लागि लाग्ने अनुमानित खर्चको कुनै व्यवस्था (Provision) लेखाङ्कन गर्नुपर्दैन। तर जरिबाना तिर्नुपर्ने सम्भावना उच्च छ भने त्यसको भरपर्दो अनुमानका आधारमा सम्भावित दायित्व रकम व्यवस्था (Provision)को रूपमा लेखाङ्कन गर्नु पर्दछ।

मामिलाः बाह्य कारणबाट सिर्जित दायित्व

सरकारले आयकर कानुनमा धेरै महत्त्वपूर्ण परिवर्तनहरू गरेको छ। यी परिवर्तनका कारण वित्तीय सेवा क्षेत्रमा कार्यरत एक संस्थानले सेवा प्रवाह गरी आय आर्जन गर्ने कार्यमा संलग्न जनशक्ति र प्रशासनिक कार्यमा संलग्न कर्मचारीलाई वित्तीय सेवा सम्बन्धी नियमको पूर्ण रूपमा पालना भएको सुनिश्चित गर्न

सघन प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न पर्नेछ। तर वासलात मितिसम्म संस्थानले यी कर्मचारीका लागि कुनै पनि प्रशिक्षण कार्य सुरु गरिसकेको छैन।

नेपाल लेखामान ३७ अनुसार निर्णय रूपरेखा (Decision Tree) विश्लेषण

चरण १: के घटनाले वर्तमानमा दायित्व सिर्जना गर्ने सम्भावना छ ?

- छैन। प्रशिक्षणको कुनै घटना (Obligating Event) घटेको छैन।

चरण २: के आर्थिक स्रोत बहिर्गमन हुन सक्ने सम्भावना उच्च वा मध्यम छ ?

- लागू हुँदैन।

चरण ३: के दायित्व रकमको भरपर्दो अनुमान गर्न सकिन्छ ?

- लागू हुँदैन।

नेपाल लेखामान ३७ अन्तर्गतको निष्कर्ष

यस अवस्थामा तालिम सञ्चालनका लागि कुनै व्यवस्था (Provision) लेखाङ्कन गर्नु नपर्ने र यसलाई सम्भावित दायित्वको रूपमा खुलासा समेत गर्नु पर्दैन।

मामिलाः मर्मतसम्भार लागत — कानुनी आवश्यकता

ए एन एयरलाइन्स कर्पोरेशन नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको एक सार्वजनिक संस्थान हो। यसले आन्तरिक र अन्तर्राष्ट्रिय उडानका लागि वायु सेवा सञ्चालन गर्छ। यो संस्थानले आर्थिक वर्षको सुरुमा नयाँ विमान खरिद गरी सञ्चालनमा ल्याएको छ। नागरिक उड्डयन प्राधिकरणले जारी गरेको नियम बमोजिम हरेक विमानको उडान अनुमति र सुरक्षित उडान सुनिश्चित गर्न प्रत्येक तीन वर्षपछि एक पटक विमानको अनिवार्य रूपमा विस्तृत मर्मत गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ।

नेपाल लेखामान ३७ अनुसार निर्णय रूपरेखा (Decision Tree) विश्लेषण

चरण १: के घटनाले वर्तमानमा दायित्व सिर्जना गर्ने सम्भावना छ ?

- छैन। तीन वर्षपछि विमानको मर्मतसम्भार कार्य गर्नुपर्ने भएकोले रकम बहिर्गमनको अवस्था सिर्जना (Obligating Event) भएको छैन। वर्तमानमा घटना घट्ने वा घटेको अवस्था छैन।

चरण २: आर्थिक स्रोत बहिर्गमन हुनसक्ने सम्भावना उच्च वा मध्यम के छ ?

- दायित्व सिर्जना हुने सम्भावना नभएकोले स्रोत बहिर्गमन हुनसक्ने सम्भावना छैन।

चरण ३: के दायित्व रकमको भरपर्दो अनुमान गर्न सकिन्छ ?

- दायित्व सिर्जना नभएकोले भरपर्दो अनुमान गर्न आवश्यक छैन।

नेपाल लेखामान ३७ अन्तर्गतको निष्कर्ष

यस अवस्थामा संस्थानले कुनै व्यवस्था (Provision) लेखाङ्कन गर्नुपर्दैन र यसलाई सम्भावित दायित्वको रूपमा खुलासा समेत गर्नुपर्दैन। संस्थानले विमानको मर्मत गर्ने कार्यको निर्णय भविष्यको वासलात अवधिमा हुन जाने घटना भएकोले वर्तमानमा कुनै निश्चित दायित्व सिर्जना हुँदैन। कानुनले विमानको मर्मत अनिवार्य भनेको भए तापनि संस्थानले भविष्यमा आवश्यकता अनुसार मर्मत गर्नुपर्ने अवधि अघि नै विमान बेचेर त्यो खर्च गर्नुपर्ने दायित्व हटाउन सक्छ।

मामिलाः कानुनी प्रक्रियाका कारण सिर्जना भएको सम्भावित दायित्व

नेपाल सरकारको स्वामित्वमा रहेको एक सिमेन्ट उद्योगले घना बस्ती भएको क्षेत्र नजिकै ठूलो क्षमताको सिमेन्ट कारखाना सञ्चालन गरेको रहेछ । सन् २०२३ मा वातावरण विभाग (DoE) ले गरेको निरीक्षणमा अत्याधिक प्रदुषण उत्सर्जन गरेको र औद्योगिक फोहोरको अनुचित व्यवस्थापन गरेको भनी वातावरणीय नियम पालना नगरेको भन्दै सूचना जारी गरेको रहेछ। स्थानीय बासिन्दाहरूको समूहले वातावरणीय क्षति र स्वास्थ्यमा परेको नकारात्मक प्रभावको १० करोड रुपैयाँ क्षतिपूर्ति दाबी सहित सामूहिक मुद्दा दायर गरेका रहेछन्। यो मुद्दा अदालतमा दर्ता भई हाल प्रारम्भिक सुनुवाइको चरणमा रहेछ।

उक्त सिमेन्ट उद्योगको कानूनी सल्लाहकारहरूले दायित्व स्थापित (Crystallization) हुने सम्भावना ४०% अनुमान गरेका छन्।

नेपाल लेखामान ३७ अनुसार विश्लेषणः

चरण १: घटनाले वर्तमानमा दायित्व सिर्जना गर्ने सम्भावना छ कि छैन ?

- प्रभावित स्थानीय बासिन्दाहरूले अदालतमा मुद्दा दायर गरेका छन्।
- वातावरण विभाग (DoE) ले प्रदुषण उत्सर्जन तथा फोहोरको अनुचित व्यवस्थापन भएको सूचना जारी गरेको छ।
- अदालती फैसलामा नतिजा निर्भर रहने भएकाले वर्तमानमा दायित्व सिर्जना हुने सम्भावना छ।

चरण २: आर्थिक स्रोत बाहिरिने सम्भावना (outflow) छ कि छैन ?

- अन्तिम फैसलाको निर्णय केही महिनामा आउने सम्भावना छ।
- उक्त संस्थानको कानूनी सल्लाहकारका अनुसार दायित्व स्थापित (Crystallization) हुने सम्भावना ४०% रहेको छ।
- स्रोत बाहिरिने मध्यम सम्भावना (Possible) छ, तर उच्च सम्भावना (Probable) छैन।

चरण ३ः दायित्व रकमको भरपर्दो अनुमान गर्न सकिन्छ कि सकिन्न ?

- रकमको भरपर्दो अनुमान गर्न सकिन्छ किनभने कानूनी दर्ता तथा सम्बन्धित कागजातहरूमा क्षतिपूर्ति माग गरिएको रकम १० करोड रुपैयाँ उल्लेख छ।

नेपाल लेखामान ३७ अनुसार निष्कर्षः

आर्थिक स्रोत बाहिरिने मध्यम सम्भावना (Possible) छ। उच्च सम्भावना (Probable) नभएको र रकम स्पष्ट रूपमा अनुमान गर्न सकिने भएकाले यो घटना सम्भावित दायित्व (Contingent Liability) का रूपमा रहन्छ। सिमेन्ट उद्योगले यसलाई वित्तीय विवरणमा सम्भावित दायित्वको रूपमा लेखा टिप्पणीमा खुलासा (Disclose) गर्नुपर्दछ। दायित्व स्थापित (Crystallization) हुने सम्भावना ३०-४९% भएकोले कार्यविधि अनुसार यस सम्भावित दायित्वको जोखिम श्रेणी "मध्यम (Moderate)" भित्र पर्दछ।

मामिला अध्ययनः कानुनी प्रक्रियाका कारण सिर्जना भएको सम्भावित दायित्व

नेपालको सरकारी स्वामित्वमा रहेको जीवन तथा निर्जीवन बीमा संस्थानले एउटा ठूलो सरकारी जलविद्युत् आयोजनाका कर्मचारीहरूको सामूहिक जीवन बीमा आलेख जारी गरेको रहेछ। सन् २०२३ मा पहिरोको घटनामा परी २० जना कामदारहरूको आकस्मिक निधन भएपछि २५ करोड रुपैयाँको बीमा दाबी पेस गरेको रहेछ। रोजगारदाता (बीमा गराउने पक्ष) ले शुरुदेखि नै विद्यमान सुरक्षा उल्लङ्घनको अवस्था नखुलाएको भन्दै बीमा संस्थानले उक्त दाबी भुक्तानी गर्न अस्वीकार गरेको रहेछ। जलविद्युत् आयोजनाले बीमा सम्झौताको उल्लङ्घनको आरोपमा पुरै रकम तिर्नुपर्ने माग राख्दै बीमा संस्थान विरुद्ध पाटन उच्च अदालतमा मुद्दा दायर गरेको रहेछ। हाल यो मुद्दा अदालतमा विचाराधीन अवस्थामा छ। बीमा संस्थानका कानूनी सल्लाहकारहरूले यस मुद्दाको दायित्व स्थापित (Crystallization) हुने सम्भावना ३०% मापन गरेका छन।

नेपाल लेखामान ३७ अनुसार विश्लेषणः

चरण १ः घटनाले वर्तमानमा दायित्व सिर्जना गर्ने सम्भावना छ कि छैन ?

- कानुनी मुद्दा दायर भएको छ र सम्झौतासम्बन्धी विवाद रहेको छ।
- कानुनी सल्लाहाकारको मूल्याङ्कनका आधारमा मध्यम सम्भावित दायित्व रहेको देखिन्छ।

चरण २ः आर्थिक स्रोत बाहिरिने सम्भावना (Outflow) छ कि छैन ?

- यो मुद्दाको फैसला अर्को आर्थिक वर्षभित्र आउने अपेक्षा गरिएको छ।

- बीमा संस्थानका कानूनी सल्लाहकारहरूले दायित्व स्थापित (Crystallization) हुने सम्भावना ३०% मूल्याङ्कन गरेका छन्।
- त्यसैले, आर्थिक स्रोत बाहिरिने मध्यम सम्भावना (Possible) छ तर उच्च सम्भावना (Probable) छैन।

चरण ३: दायित्व रकमको भरपर्दो अनुमान गर्न सकिन्छ कि सकिन्न ?

- पेस भएका प्रमाण तथा बीमा सम्झौताका शर्तका आधारमा रकमको भरपर्दो अनुमान गर्न सकिन्छ (२५ करोड रुपैयाँ दाबी गरिएकोले)।

नेपाल लेखामान ३७ अनुसार निष्कर्षः

हाल आर्थिक स्रोत बहिर्गमनको उच्च सम्भावना (Probable) नभएकोले मध्यम सम्भावना (Possible) देखिएको आधारमा संस्थानले आफ्नो वित्तीय विवरणमा यस घटनालाई सम्भावित दायित्व (Contingent Liability) को रूपमा लेखा टिप्पणीमा खुलासा (Disclose) गर्नु पर्दछ। वासलातमा कुनै व्यवस्था (Provision) (Provision) लेखाङ्कन गर्नु पर्दैन।

कार्यविधि बमोजिम दायित्व स्थापना (Crystallization) हुने सम्भावना ३०—४९% भित्र पर्ने भएकाले यस घटनाले सिर्जना गर्ने दायित्वको जोखिम श्रेणी मध्यम (Moderate) हुनेछ।

निर्णय रूपरेखा (Decision Tree) (Decision Tree) को प्रयोगमा आधारित विश्लेषण

एक संस्थान विरुद्ध एकजना पूर्व ग्राहकले सम्झौता उल्लङ्घन गरेको आरोपमा १० करोड रुपैयाँको क्षतिपूर्ति माग गर्दै अदालतमा मुद्दा दायर गरेको रहेछ।

(क) परिवेश १- संस्थानको कानुनी सल्लाहकारहरूका अनुसार यस मुद्दामा ग्राहकले मुद्दा जित्ने सम्भावना ७०% अनुमान गरेका छन्। उक्त संस्थानले यसका लागि सम्भावित क्षतिपूर्ति रकम करिब ८ करोड रुपैयाँ हुन सक्छ भन्ने अनुमान गरिएको।

नेपाल लेखामान ३७ को आधारमा निर्णय रूपरेखा (Decision Tree)को प्रयोग:

पहिचान



निष्कर्ष: संस्थानले ८ करोड रुपैयाँ वित्तीय विवरणमा व्यवस्था (Provision) गर्नुपर्छ।

(ख) परिवेश २- एक संस्थानले वातावरणीय क्षति पुऱ्याएको आरोपमा केही वातावरण अगुवाबाट अदालतमा संस्थान विरुद्ध मुद्दा दायर गरेको रहेछ। यस आरोपमा संस्थान दोषी ठहरिने सम्भावना ३०% सम्म रहेको अनुमान कम्पनीका विज्ञबाट गरिएको छ। तर यस आरोप अदालतबाट प्रमाणित भएमा संस्थानले २० करोड रुपैयाँ क्षतिपूर्ति दिनुपर्ने सम्भावित दायित्व रहन सक्छ।



निष्कर्षः संस्थानले आफ्नो लेखा टिप्पणीमा सम्भावित दायित्वको रूपमा खुलासा गर्नु पर्दछ।

(ग) **परिवेश ३**- एक सार्वजनिक संस्थानले वस्तु उत्पादन गर्दै आएको छ। उक्त संस्थानले वस्तु उत्पादन गर्दा प्रतिलिपि अधिकार (Patent Infringement) को आरोप लगाई गुणस्तर तथा नापतौल विभाग र वाणिज्य विभागमा क्षतिपूर्ति दावी सहित अर्को निजी कम्पनीले उजुरी गरेको छ। संस्थानले यस उजुरीको सम्बन्धमा कानुनी सल्लाहकारसँग परामर्श गर्दा उजुरीमा दाबी गरिएको विषय निकै कमजोर रहेको र संस्थानले क्षतिपूर्ति तिर्नु पर्ने सम्भावना ५% भन्दा पनि कम रहेको विश्लेषण रहेको छ।



निष्कर्ष: दायित्व सिर्जना हुने सम्भावना न्यून समेत नरहेकोले वासलातको लेखा टिप्पणीमा समेत खुलासा गर्नु आवश्यक छैन।

<u>माथिका मामिला विश्लेषणको सार</u>:

नेपाल लेखामान ३७ ले अनिश्चित दायित्वको विषयमा सावधानीपूर्वक लेखाङ्कन प्रक्रिया अपनाउन जोड दिन्छ। निर्णय रूपरेखा (Decision Tree) ले वित्तीय विवरणमा दायित्वलाई लेखाङ्कन गर्ने, खुलासा गर्ने वा व्यवस्था (Provision) गर्ने भन्ने निर्णयमा एकरूपता र सुस्पष्टता सुनिश्चित गर्दछ।

५. **सम्भावित दायित्वको लेखाङ्कनः** (१) नेपाल लेखामान ३७ बमोजिम संस्थानले आफ्नो वित्तीय विवरणमा सम्भावित दायित्वलाई लेखाङ्कन गर्नु हुँदैन। तथापि स्रोतको बहिर्गमनको सम्भावना अत्यन्त न्यून नभएसम्म सम्भावित दायित्वलाई लेखा टिप्पणीमा खुलासा गर्नु पर्दछ।

६. **दायित्वको पहिचान र खुलासाको निर्णयः** (१) व्यवस्था (Provision) को रूपमा पहिचान गर्ने वा सम्भावित दायित्वका (Contingent Liabilities) रूपमा लेखा टिप्पणीमा खुलासा गर्ने निर्णयमा पुग्न देहायको विधिमा आधारित हुनु पर्दछ।

परिस्थिति	**वित्तीय विवरणहरूमा पहिचान**	**सम्भावित दायित्वको रूपमा टिप्पणीहरूमा खुलासा**
उच्च सम्भावना छ र मापनयोग्य छ	व्यवस्था (Provision)को रूपमा लेखाङ्कन गर्नु पर्दछ ।	उच्च सम्भावना भएको तर मापनयोग्य छैन भने सम्भावित दायित्वलाई लेखा टिप्पणीमा खुलासा गर्नु पर्दछ।
मध्यम सम्भावना भएको तर उच्च सम्भावना नभएको (Possible but not Probable)	व्यवस्था (Provision)को रूपमा लेखाङ्कन गर्नुपर्दैन	सम्भावित दायित्वलाई लेखा टिप्पणीमा खुलासा गर्नु पर्दछ।
न्यून सम्भावना भएको	व्यवस्था (Provision)को रूपमा लेखाङ्कन गर्नुपर्दैन	सम्भावित दायित्वलाई लेखा टिप्पणीमा खुलासा गर्नुपर्दैन।

वर्तमान दायित्व पहिचान गर्ने सम्बन्धी केही मामिला

१) सञ्चालक समितिको निर्णय

(क) सञ्चालक समितिको निर्णय सम्बद्ध पक्षलाई जानकारी नगराइएको

मिति २०८१ असार ३१ गते एक सरकारी संस्थान (SOE) को सञ्चालक समितिले संस्थान निरन्तर घाटामा गएको, पुरानो प्रविधिको जीर्ण उपकरण भएको र अधिक उत्पादन लागतका कारण बजारमा आफ्नो उत्पादन अन्य उत्पादकसँग प्रतिस्पर्धा गर्न नसक्ने कारण बिक्रीमा ह्रास आएकोले उत्पादन विभाग बन्द गर्ने निर्णय गरेको छ। विभाग बन्द गर्दा श्रम ऐन अनुसार कर्मचारी अवकाश सुविधा, आपूर्तीकर्तासँग गरिएको ठेक्का सम्झौता समाप्ति, उपकरण हटाउने र कारखाना पुनर्स्थापनाका लागि खर्च हुने अपेक्षा गरिएको छ।

परिदृश्यः असार ३१ मा सञ्चालक समितिले उत्पादन विभाग बन्द गर्ने निर्णय त गरेको छ, तर कर्मचारी र अन्य सरोकारवालालाई अझै लिखित वा मौखिक सूचना दिएको छैन।

निष्कर्षः निर्णय सरोकारवालासम्म औपचारिक रूपमा नपुगेको हुँदा दायित्व वहन गर्ने जिम्मेवारी मानिँदैन। तसर्थ यस परिस्थितिमा वर्तमानमा कुनै सम्भावित दायित्व हुँदैन।

(ख): सञ्चालक समितिको निर्णय औपचारिक जानकारी गराइ सकेको

मिति २०८१ असार २५ गते एक सरकारी संस्थानको सञ्चालक समितिले सञ्चालन आयमा प्रत्यक्ष प्रभाव पार्ने भनी पहिचान भएको उत्पादन विभाग तीन दिन भित्र बन्द गर्ने निर्णय गऱ्यो। संस्थानको प्रशासनले यस निर्णयलाई सम्बन्धित कर्मचारी, उत्पादन सामाग्री आपूर्तीकर्ता र अन्य सरोकारवाला सबैलाई मिति २०८१ असार २६ गते जानकारी गराएको छ। संस्थानले उत्पादन बन्द गर्ने योजना र समायवधी समेत उल्लेख गरेको छ। सरोकारवाला पक्षले पनि समयमा नै जानकारी प्राप्त गरेका छन्।

परिदृश्यः असार २५ गते सञ्चालक समितिले तीन दिन भित्र उत्पादन विभाग बन्द गर्ने निर्णय गरेको, सरोकारवाला पक्ष सबैलाई जानकारी गराएको हुँदा घटना वर्तमान समयको हो।

निष्कर्षः निर्णय सरोकारवालासम्म औपचारिक रूपमा पुगी कार्यान्वयन चरणमा गएको हुँदा दायित्व वहन गर्ने जिम्मेवारी सिर्जना गर्दछ। तसर्थ यस परिस्थितिमा वर्तमानमा दायित्व सिर्जना हुने भएकोले सम्भावित दायित्वका लागि भरपर्दो अनुमान गरी वासलातमा व्यवस्था (Provision) गर्नुपर्छ।

मापनयोग्य खर्चका केही मामिला

(क) खर्चहरू भरपर्दो रूपमा मापन गर्न सकिने भएमा।

मिति २०८१ असार २५ गते एक सरकारी संस्थानको सञ्चालक समितिले सञ्चालन आयमा प्रत्यक्ष प्रभाव पार्ने भनी पहिचान भएको उत्पादन विभाग तीन दिन भित्र बन्द गर्ने निर्णय गऱ्यो। संस्थानको प्रशासनले यस निर्णयलाई सम्बन्धित कामदार, उत्पादन सामाग्री आपूर्तीकर्ता र अन्य सरोकारवाला सबैलाई मिति २०८१ असार २६ गते जानकारी गराएको छ। संस्थानको सञ्चालन तथा व्यवस्थापन शाखाले उत्पादन बन्द गर्दा तत्कालमा संस्थानले बेहोर्नु पर्ने दायित्व समेत यकिन गरेको छ। जस अनुसार कटौतीमा पर्न जाने ५ जना कामदारलाई १० लाख रुपैंया अवकाश सुविधा दिनु पर्ने, आपूर्तीकर्तासँग सम्झौता रद्द गर्दा जरिवाना बापत ६ लाख रुपैंया र कानुनी शुल्क ४ लाख रूपैंया खर्च हुने अनुमान गरेको छ।

परिदृश्यः उत्पादन विभाग बन्द गर्ने यकिन भएको र यसबाट पर्ने सम्भावित दायित्वको भरपर्दो अनुमान गर्न सकिएको छ।

निष्कर्षः सम्भावित दायित्व रकम भरपर्दो मापन गर्न सकिएकोले वासलातमा २० लाख रुपैयाँ सम्भावित दायित्वको रूपमा व्यवस्था (Provision) गर्नु पर्दछ।

(ख) दायित्व रकमको भरपर्दो मापन नभए पनि उपयुक्त अनुमान गर्न सकिने भएमा

यस संस्थानको उत्पादन विभाग बन्द गर्ने निर्णय गरिएकोमा उक्त विभागमा कार्यरत कति कर्मचारीलाई अवकाश दिनु पर्ने भनी यकिन नभएको तर बढीमा ४ जना कामदार, जरिबानाको लागि करिब ७ लाख

रुपैयाँसम्म बेहोर्नु पर्ने र कानुनी शुल्क पनि विगतमा अन्य कानुनी प्रक्रिया अपनाउँदा हुने गरेको खर्चको आधारमा करिब ३ लाख रुपैयाँसम्म लाग्ने उपयुक्त अनुमान गरियो।

परिदृश्यः उत्पादन विभाग बन्द गर्ने यकिन भएको र यसबाट पर्ने सम्भावित दायित्वको उपयुक्त अनुमान गर्ने प्रयास भएको छ।

निष्कर्षः सम्भावित दायित्व रकम उपयुक्त अनुमान गर्न सकिएकोले वासलातमा सम्भावित दायित्वका लागि १० लाख रुपैयाँ व्यवस्था (Provision) गर्नु पर्दछ।

(ग) दायित्वको भरपर्दो मापन वा उपयुक्त अनुमान गर्न नसकिने अवस्था भएमा

यस संस्थानको उत्पादन विभाग बन्द गर्ने निर्णय गरियो तर अब आउने नयाँ उपकरणका कारण उक्त निर्णयले प्रत्यक्ष र अप्रत्यक्ष कति जना कामदार र कर्मचारीलाई अवकाश दिनु पर्ने भनी यकिन गर्न नसकिएको, आपूर्तिकर्तासँग भएको सम्झौतामा पनि दुई पक्षको सहमतिमा सम्झौता रद्द गर्दा बुझाउने जरिवाना यकिन गर्ने भनी उल्लेख भएको, संस्थानले पहिलो पटक यस किसिमको कानुनी निर्णय गरेकोले के कति रकम कानुनी शुल्क लाग्छ भन्ने अनुमान समेत गर्न नसक्ने अवस्था रहेको छ।

परिदृश्यः उत्पादन विभाग बन्द गर्ने यकिन भएको र यसबाट पर्ने सम्भावित दायित्वको भरपर्दो मापन र उपयुक्त अनुमान गर्ने कुनै गुन्जाइस छैन।

निष्कर्षः सम्भावित दायित्व रकम भरपर्दो मापन गर्न नसकिएकोले वासलातमा व्यवस्था (Provision) गर्नु पर्दैन। यसलाई लेखा टिप्पणीमा भने खुलासा गर्नुपर्छ।

उच्च सम्भावना, मध्यम सम्भावना र न्यून सम्भावनाका मामिला

एक सार्वजनिक संस्थानले आवश्यक कच्चा पदार्थ ५ वर्षसम्म आपूर्ति गर्ने गरी मनकामना सप्लाई एण्ड ट्रान्सपोर्ट प्रा.लि.सँग सम्झौता गरेको रहेछ। उक्त प्रा.लि.ले अनेक बहाना बनाई कच्चा पदार्थ समयमा र आवश्यक परिमाणमा आपूर्ति नगरी अवरोध गरिरहेको रहेछ। संस्थानले यसै बीच अर्को समारा सप्लायर्स सँग यसै बीचमा कच्चा पदार्थ आपूर्ति सम्झौता गरेको रहेछ। मनकामना सप्लाई एण्ड ट्रान्सपोर्ट प्रा.लि.ले आपूर्तिको जिम्मा मलाई मात्र दिएकोमा सम्झौता अवधि बीचमा नै अर्को आपूर्तिकर्ता चयन गरेको भनी सो निर्णय विरुद्ध २०८० जेठमा संस्थानले उक्त सम्झौता उल्लङ्घन गरेको अभियोग लगाई २० लाख रुपैयाँ क्षतिपूर्ति दाबी सहित अदालतमा मुद्दा दायर गरेको रहेछ।

यस मामिलाका तीन अवस्थाको विश्लेषण

(क) दायित्व सिर्जनाको उच्च सम्भावना

- संस्थानको कानुनी सल्लाहकारले यस मुद्दामा संस्थानको हार हुने सम्भावना जम्मा ५०% भन्दा बढी रहेको विश्वास व्यवस्थापन समक्ष प्रस्तुत गरेको छ। यस मुद्दामा संस्थानले हार्ने सम्भावना ५०% भन्दा बढी रहेकोले यो उच्च सम्भावना भएको दायित्व भित्र पर्छ। यसमा सिर्जित दायित्व २० लाख रुपैयाँ हुन आउँछ।

(ख) दायित्व सिर्जनाको मध्यम सम्भावना (Possible but not probable)

- यस मुद्दामा थप कागज प्रमाण जुटाउँदै जाँदा २०८० असार ३१ गते संस्थानले उक्त प्रा.लि.का विरुद्ध नयाँ प्रमाण सहित अदालतमा प्रमाण पेस गरेको छ। संस्थानका वकिलहरूले उक्त प्रमाणका आधारमा मुद्दाको विश्लेषण गर्दा संस्थानले हार बेहोर्ने सम्भावना करिब ३०—४०% छ (मध्यम सम्भावना भएको तर उच्च सम्भावना नभएको) अनुमान गरेका छन्। यस आधारमा मुद्दामा दाबी गरेको रकम २० लाख रुपैयाँ सम्भावित दायित्व यथावत् रहन्छ।

(ग) दायित्व सिर्जनाको न्यून सम्भावना (Remote Possibility)

- मिति २०८१ कार्तिक १५ गते अदालतले फैसला गर्दै मनकामना सप्लाई एण्ड ट्रान्सपोर्ट प्रा.लि.ले संस्थानको विरुद्ध दायर गरेको मुद्दालाई खारेज गऱ्यो। उक्त प्रा.लि.ले त्यस मुद्दाको पुनरावेदन नगर्ने औपचारिक घोषणा समेत गरेको छ। मिति २०८२ असार मसान्तसम्म यो विवाद समाधान भइसकेको छ र संस्थानले यस घटनाका लागि कुनै पनि दायित्व बहन गर्नुपर्ने सम्भावना रहँदैन।

७. **व्यवस्था (Provision) को मापनः** (१) संस्थानले नेपाल लेखामान ३७ अनुसार सम्भावित दायित्वको व्यवस्था (Provision) लाई वित्तीय प्रतिवेदन मितिमा दायित्व बहन गर्न आवश्यक रकम वर्तमान मूल्यमा आधारित भई उपयुक्त अनुमान (Best Estimate) का आधारमा व्यवस्था (Provision)को मापन गर्नु पर्दछ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि उपयुक्त अनुमान (Best Estimate) भन्नाले कुनै संस्थानले दायित्व भुक्तानी गर्न वा तेस्रो पक्षलाई दायित्व हस्तान्तरण गर्न गरिएको भरपर्दो अनुमान हो जुन यथार्थमा दायित्व बहन गर्न पर्याप्त हुन्छ।

(२) उपदफा (१) बमोजिम संस्थानले व्यवस्था (Provision) मापनको लागि उपयुक्त अनुमान गर्दा देहायको विषयमा आधारित भएर अनुमान गर्नु पर्दछ।

(क) सम्भाव्य परिणामको वस्तुनिष्ठ आकलन गरी वित्तीय प्रभावको भरपर्दो अनुमान गर्नु पर्दछ।

(ख) समान प्रकृतिका घटनाहरूको अनुभव तथा आवश्यकता अनुसार संस्थान भन्दा बाहिरका विशेषज्ञको रायलाई आधार लिन सकिनेछ।

(ग) व्यवस्था (Provision) मापन गरिएको प्रमाणमा वासलात मिति भन्दा पछिका घटनाबाट सिर्जित कुनै पनि अतिरिक्त प्रमाण भएमा सो समेत समावेश गर्नु पर्दछ।

मामिलाः लिजमा विमान खरीद गर्दा भुक्तानी गर्नुपर्ने पट्टा रकम बक्यौता र जरिबाना विवाद

नेपालमा रहेको उड्डयन क्षेत्रमा संलग्न एक संस्थानले वि.सं. २०७६ मा विदेशी विमान कम्पनीसँग दुईवटा एयरबस विमान खरिद गर्न विमान पट्टा (लिज) सम्झौता गरेको रहेछ। सोही वर्ष विश्वमा फैलिएको कोभिड-१९ को महामारीका कारण अन्तर्राष्ट्रिय हवाई यात्रामा आएको कमीले गर्दा नियमित उडान सञ्चालन गर्न सकेन। यसले गर्दा संस्थानको आम्दानी न्यून भई लिज सम्झौता बमोजिम संस्थानले केही त्रैमासिक पट्टा भुक्तानी गर्न ढिलाई भयो। सम्झौता बमोजिम भुक्तानी गर्नुपर्ने रकम बक्यौता रहेको आधारमा विदेशी विमान कम्पनीले संस्थानलाई जरिबानासहित ८५ करोड रुपैयाँ भुक्तानी गर्न २०७९ जेठ महिनामा सूचना जारी गऱ्यो। संस्थानले यस विषयमा वार्ता र मध्यस्थता (Arbitration) मा लिएर गयो। हाल मध्यस्थताको प्रक्रिया जारी रहेको छ।

मामिलाको विश्लेषणः नेपाल लेखामान ३७ बमोजिम

(क) के घटनाले वर्तमानमा दायित्व सिर्जना गर्ने सम्भावना छ?

- छ। संस्थानले बाध्यकारी पट्टा सम्झौता गरेको छ र सम्झौता बमोजिमको केही पट्टा रकम भुक्तानी गरेको छैन। पट्टादाताले कानुनी सूचना जारी गरिसकेको हुँदा सम्झौताअनुसार वर्तमान दायित्व कायम हुन्छ।

(ख) के आर्थिक स्रोत बहिर्गमन हुन सक्ने सम्भावना उच्च वा मध्यम छ?

- यदि संस्थानसँग बलियो कानुनी बचाउ नभए भुक्तानी गर्नुपर्ने सम्भावना (५०% भन्दा बढी) उच्च हुन्छ। यदि मध्यस्थताको नतिजा अनिश्चित छ र भुक्तानी गर्नुपर्ने सम्भावना उच्च छैन भने यो सम्भावित दायित्व मानिन्छ।

(ग) के दायित्व रकमको भरपर्दो अनुमान गर्न सकिन्छ ?

- पट्टादाताबाट ८५ करोड रुपैया औपचारिक रूपमा माग गरिएको छ। जरिबाना वार्ताबाट तय हुन सक्छ, तर मूल रकम यकिन भइसकेको रकम हो।

नेपाल लेखामान ३७ अन्तर्गतको निष्कर्षः

यदि व्यवस्थापन र कानुनी सल्लाहकारले भुक्तानी हुने सम्भावना उच्च (५०% भन्दा बढी) ठान्छन् भने सबैभन्दा उपयुक्त अनुमान अनुसार (दावी गरेको सबै रकम वा छुट दिइएको रकम) व्यवस्था (Provision) गर्नुपर्दछ। यदि भुक्तानी सम्भावना उच्च छैन भने, यसलाई सम्भावित दायित्व मानी सबै तथ्यहरू (८५ करोड रुपैयाँको जोखिम, मध्यस्थताको अवस्था, अनिश्चितता आदि विवादको विषय) लेखा टिप्पणीमा खुलासा गर्नु पर्दछ।

मामिलाः कानुन कार्यान्वयनमा आउने लगभग निश्चित भएको

नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको सिमेन्ट उत्पादन गर्ने संस्थानले विगतमा धूलो उत्सर्जन नियन्त्रणका लागि वातावरणीय शुल्क तिर्नु पर्ने परेको थिएन। प्रचलित वातावरणीय नीतिले स्पष्ट रूपमा वातावरणीय शुल्क तिर्नुपर्ने व्यवस्था गरेको छ। सरकारले अनिवार्य रूपमा शुल्क तिर्नु पर्ने भनी सूचना जारी गरेको अवस्थामा मात्र उक्त संस्थानले वातावरणीय व्यवस्थापनसँग सम्बन्धित खर्च बेहोर्दछ भनेः

परिदृश्य (क) : आ.व. २०७९/८० को अन्त्यसम्म यो कुरा लगभग निश्चित भइसकेको छ कि आगामी वर्षमा सरकारले प्रचलित कानुनलाई कडाइका साथ कार्यान्वयन गर्नेछ। चालू आर्थिक वर्षमा पनि उक्त नीति लागू हुनेछ। यस आधारमा चालू वर्षमा पनि वातावरणीय शुल्कका लागि स्रोत बहिर्गमनको अवस्था कायम नै छ। तर सरकारले चालु वर्षमा उक्त वातावरणीय नीति कार्यान्वयनमा कडाइ नगरी आर्थिक वर्ष समाप्ति पछि चाँडै लागू हुने सम्भावना उच्च रहन्छ।

<u>नेपाल लेखामान ३७ अनुसार विश्लेषण (आर्थिक वर्ष २०७९/८० को लागि)</u>

चरण १ः के घटनाले वर्तमानमा दायित्व सिर्जना गर्ने सम्भावना छ?

- छ। सरकारले वातावरणीय नीति कार्यान्वयन गरी नै रहेको छ। यदि सरकारले नीति बमोजिम शुल्क बुझाउन भनेको अवस्थामा वर्तमान दायित्व पुष्टि हुन्छ।

चरण २ः के आर्थिक स्रोत बहिर्गमन हुनसक्ने सम्भावना उच्च वा मध्यम छ?

- मध्यम छ। वातावरणीय नीतिलाई सरकारले कडाइका साथ कार्यान्वयन गर्ने सूचना प्राप्त भएकोले चालू आर्थिक वर्षमा स्रोत बहिर्गमन हुन सक्ने सम्भावना मध्यम छ।

चरण ३ः के दायित्व रकमको भरपर्दो अनुमान गर्न सकिन्छ?

- सकिन्छ। वातावरणीय शुल्क नीतिमा तोकिएको आधारमा सम्भावित दायित्वको भरपर्दो अनुमान गर्न सकिन्छ।

नेपाल लेखामान ३७ अन्तर्गतको निष्कर्ष

आ.व. २०७९/८० को अन्त्यमा कार्यान्वयनमा रहेको नीति बमोजिम बुझाउनु पर्ने वातावरणीय शुल्क सम्बन्धी दायित्व भुक्तानी गर्न भरपर्दो अनुमान गरी लेखा टिप्पणीमा खुलासा गर्नु पर्छ। तर आर्थिक स्रोत बहिर्गमन हुने उच्च सम्भावना मापन गरिएमा भने सम्भावित दायित्वलाई वासलातमा व्यवस्था (provision) गरी लेखाङ्कन गर्नुपर्दछ। आ.व. २०८०/८१ को लागि भने अनिवार्य रूपमा यसलाई वासलातमा व्यवस्था (provision) गरी लेखाङ्कन गर्नुपर्दछ।

परिदृश्य (ख) : तर उक्त सार्वजनिक संस्थानसँग सार्वजनिक रूपमा घोषणा गरिएको वातावरणीय नीति छ। यस अन्तर्गत संस्थानले धूलो उत्सर्जनलाई उचित व्यवस्थापन र न्यूनीकरण गर्ने प्रतिबद्धता जनाएको छ। संस्थानले उक्त नीतिलाई व्यवहारमा समेत स्पष्ट र इमानदारीताका साथ लागू गर्दै आएको हुँदा संस्थाको नियम पालनाको इतिहास पनि राम्रो रहेको छ।

<u>नेपाल लेखामान ३७ अनुसार विश्लेषण</u>

चरण १: के घटनाले वर्तमानमा दायित्व सिर्जना गर्ने सम्भावना छ?

- छ। विगतमा उत्पन्न धूलो उत्सर्जन र सरकारको सार्वजनिक वातावरणीय नीति बमोजिम घटना भएकोले सिर्जित दायित्वले (Constructive Obligation) वर्तमान दायित्व पुष्टि गर्छ।

चरण २: के आर्थिक स्रोत बहिर्गमन हुनसक्ने सम्भावना उच्च वा मध्यम छ?

- उच्च छ। सार्वजनिक नीतिको पालना र विगतका अभ्यासका कारण बहिर्गमन हुनसक्ने सम्भावना उच्च छ।

चरण ३: के दायित्व रकमको भरपर्दो अनुमान गर्न सकिन्छ?

- सकिन्छ। विगतमा वातावरणीय नीति पालना गर्दा लागेको खर्चको आधारमा आवश्यक लागतको भरपर्दो अनुमान गर्न सकिन्छ।

नेपाल लेखामान ३७ अन्तर्गतको निष्कर्ष

आ.व. २०७९/८० को अन्त्यमा संस्थानको सार्वजनिक वातावरणीय नीतिबाट उत्पन्न सिर्जित दायित्व (Constructive Obligation) सम्बन्धी अपेक्षित खर्चको भरपर्दो अनुमान अनुसारको दायित्व व्यवस्था (Provision)को रूपमा लेखाङ्कन गर्नु पर्दछ।

(३) संस्थानले विभिन्न परिस्थितिमा व्यवस्था (Provision) को मापन गर्न देहायका सर्त पालना गर्नु पर्दछ;

(क) जोखिम र अनिश्चितताहरू (Risks and Uncertainties):- संस्थानले सम्भावित घटना र परिस्थितिमा रहेको जोखिम र अनिश्चिततालाई विश्लेषण गरी सम्भावित दायित्वको व्यवस्था (Provision) गर्न उपयुक्त अनुमान गर्नु पर्दछ।

(ख) वर्तमान मूल्य (Present Value):- समयअनुसारको मुद्राको मूल्य (Time Value of Money) को प्रभाव महत्त्वपूर्ण हुने अवस्थामा सम्भावित दायित्वका लागि वासलातमा व्यवस्था (Provision)को अनुमान गरी लेखाङ्कन गर्दा भविष्यमा दायित्व वहनको लागि अपेक्षित खर्च रकमको आजको मूल्य बराबर हुनेछ। वर्तमान मूल्यको गणना गर्दा मुद्राको मूल्य र सम्बन्धित दायित्वसँग जोडिएका जोखिमहरूलाई वर्तमान बजारको मूल्याङ्कनअनुसार प्रतिबिम्बित गरिएको डिस्काउन्ट दर (Discount Rate) प्रयोग गर्नु पर्दछ। यसका लागि पूर्व कर दर (Pre-Tax Rate) बराबर डिस्काउन्ट दर हुनुपर्दछ। भविष्यमा हुने नगद प्रवाहको अनुमानमा पहिले नै समायोजन भएका जोखिमलाई डिस्काउन्ट दरमा समावेश गर्नु हुँदैन। वर्तमान मूल्य (Present Value) गणनाका लागि देहायको सूत्र प्रयोग गर्नु पर्दछः

$$\text{वर्तमान मूल्य (Present Value)} = \frac{\text{भविष्यको अनुमानित खर्च (Future Cost)}}{(\text{१} + \text{डिस्काउण्ट दर})^{\wedge\text{वर्ष}}}$$

मामिलाः विस्थापन लागत र जग्गा विवाद

जलविद्युत आयोजना सञ्चालन गर्ने नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको एक संस्थानले लाइसेन्स सम्झौता र वातावरणीय नियमानुसार आयोजना सञ्चालन गरेको २५ वर्षपछि बन्द गर्दा परियोजना स्थल पुरानै अवस्थामा फर्काउनु पर्ने कानुनी प्रावधान रहेको छ। संस्थानले कानुनी प्रावधान अनुसार परियोजना स्थललाई पुरानै अवस्थामा फर्काउन ५ करोड रुपैयाँ लाग्ने भरपर्दो अनुमान गरेको छ। यस क्रममा केही स्थानीय समुदायसँग एक स्थानमा जग्गा विवाद देखिन आयो। उक्त समुदायले आयोजना निर्माणको समयमा परियोजनाले अवैध रूपमा जग्गा अधिग्रहण गरेको दाबी छ। यो विवाद हाल अदालतमा विचाराधिन छ।

परिदृश्य : व्यवस्था (Provision)को मान्यता र मापन (विस्थापन लागत)

उपलब्ध जानकारीहरूः

- सरकारी तथा वातावरणीय मार्गदर्शन अनुसार आयोजना बन्द पश्चात् कम्पनीले जग्गा पूर्वस्थितिमा फर्काउनुपर्ने कानुनी दायित्व छ।

- विस्थापन लागतको अनुमानित खर्च २५ वर्षपछि ५ करोड रुपैयाँ हुनेछ।
- भरपर्दो अनुमान गर्न सकिन्छ र सो दायित्व विगत घटनाको परिणामले (आयोजना निर्माण) उत्पन्न भएको छ।
- डिस्काउण्ट दर (Discount Rate) सरकारी बन्ड दरका आधारमा ६% छ।

व्यवस्था (Provision)को मापनः

- वर्तमान कानुनी दायित्व भएकोले विस्थापन खर्चका लागि व्यवस्था (Provision)को मापन गर्नुपर्दछ।
- स्रोत बाहिरिने उच्च सम्भावना छ।
- सम्भावित दायित्वको भरपर्दो अनुमान (५ करोड रुपैयाँ) गरिएको छ।

मापनः

- दायित्व रकमको व्यवस्था (Provision)लाई वर्तमान मूल्यमा मापन गर्नुपर्छ।

वर्तमान मूल्य (Present Value):

वर्तमान मूल्य = भविष्यको अनुमानित खर्च / (१ + डिष्काउण्ट दर)^वर्ष

=रू.५,००,००,००० / (१ + ०.०६)^२५

≈ रु १,१६,४९,९३१.५३

नेपाल लेखामान ३७ अन्तर्गतको निष्कर्ष

- संस्थानले आयोजनाको सम्पत्तिको ह्रास आधारमा रु.१,१६,४९,९३१.५३ समावेश गरी लेखाङ्कन गर्नुपर्दछ।

परिदृश्य : सम्भावित दायित्वको खुलासा (जग्गा विवाद)

उपलब्ध जानकारीहरूः

- स्थानीय समुदायले आयोजनासम्बन्धी जग्गा अवैध रूपमा अधिग्रहण गरिएको भन्दै मुद्दा दायर गरेको रहेछ।
- संस्थानका कानुनी सल्लाहकारले मुद्दा हार्ने सम्भावना मध्यम सम्भावना छ तर उच्च सम्भावना छैन (Possible but not Probable) भनी निर्क्योल गरेका छन्।
- मुद्दा हारेमा क्षतिपूर्ति र पुर्नःस्थापनाको अनुमानित दायित्व १ करोड रुपैयाँ हुन सक्छ।
- सम्भावित दायित्वका लागि व्यवस्था (Provision) गरी लेखाङ्कन गरिएको छैन तर सम्भावित दायित्वको रूपमा लेखा टिप्पणीमा खुलासा गरिएको छ किनभनेः
    - स्रोत बाहिरिने मध्यम सम्भावना छ, तर उच्च सम्भावना छैन।

○ वासलातमा व्यवस्थाको लागि लेखाङ्कन गर्न भरपर्दो अनुमान आवश्यक छैन तर लेखा टिप्पणीमा खुलासा गर्दा अनुमानित रकम समावेश गर्नुपर्दछ।

उल्लिखित घटनाको खुलासा गर्दा

विस्थापन व्यवस्था (Provision): संस्थानले आफ्नो जलविद्युत आयोजना सञ्चालनको आयु समाप्त भएपछि आयोजना बन्द गर्नुपर्ने दायित्वका लागि १ करोड १६ लाख रुपैयाँको व्यवस्था (Provision) मान्यता गरेको छ। यो अनुमान २५ वर्षपछि बाहिरिन सक्ने अनुमानित नगद ५ करोड रुपैयाँलाई ६% डिस्काउण्ट दर (Discount Rate) मा आधारित भएर गणना गरिएको हो।

सम्भावित दायित्वः संस्थान जग्गा विवाद प्रकरणमा आयोजना निर्माणका क्रममा जग्गा अधिग्रहणसम्बन्धी मुद्दाको पक्ष रहेको छ। दाबी कर्ताहरूले १ करोड रुपैयाँ क्षतिपूर्ति माग गरेका छन्। कानुनी सल्लाहकारका अनुसार परिणाम अनिश्चित भए पनि कम्पनीले दायित्व भुक्तानी गर्नुपर्ने सम्भावना उच्च नभएकोले कुनै व्यवस्था (Provision) गरिएको छैन तर यो सम्भावित दायित्वका रूपमा लेखा टिप्पणीमा खुलासा गरिएको छ।

(ग) **भविष्यका घटना (Future Events):-** कुनै भविष्यमा घट्न सक्ने सम्भावित घटनाले दायित्व वहनका लागि आवश्यक रकम प्रबन्ध गर्न प्रभाव पार्न सक्छ भने त्यस प्रकारको घटना भविष्यका घटना हुन्। यस्ता घटना घट्न सक्ने विश्वसनीय र पर्याप्त वस्तुगत प्रमाण उपलब्ध भएमा तिनको असर समेत व्यवस्था (Provision)को रकममा समावेश गरी लेखाङ्कन गर्नु पर्दछ।

(घ) **सम्पत्तिको अपेक्षित निःसर्ग (Expected Disposal of Assets):-** व्यवस्था (Provision)को रकम मापन गर्दा भविष्यमा निःसर्ग हुने सम्पत्ति बिक्रीबाट प्राप्त हुन सक्ने सम्भावित नाफा समावेश गर्नु हुँदैन।

(ङ) **शोधभर्ना (Reimbursements):-** यदि सम्भावित दायित्वको लागि व्यवस्था (Provision) रकम हिसाब मिलान (Settlement) का लागि आवश्यक खर्चमध्ये केही वा सबै खर्च अन्य पक्षबाट प्राप्त हुने लगभग निश्चित भएको अवस्थामा मात्र त्यस्तो खर्च रकमलाई शोधभर्ना (Reimbursements) मान्नु पर्दछ । यस्तो शोधभर्ना खर्चलाई अलग्गै सम्पत्तिको रूपमा वित्तीय विवरणमा देखाउनु पर्दछ। शोधभर्नाका लागि निर्क्योल गरिएको रकम कहिल्यै पनि व्यवस्था (Provision) गरिएको रकमभन्दा बढी हुन सक्दैन।

आय विवरण (Income Statement) मा व्यवस्था (Provision) सम्बन्धी खर्च लेखाङ्कन गर्दा शोधभर्ना (Reimbursements) का लागि पहिचान प्राप्त रकम घटाएर प्रस्तुत गर्न सकिन्छ।

(च) **व्यवस्थामा हुने परिवर्तन (Changes in Provisions):-** संस्थानले वासलातमा गर्दै आएको व्यवस्था (Provision) रकम प्रत्येक वासलात मितिमा पुनरावलोकन गरी वर्तमानको उपयुक्त अनुमान अनुसार समायोजन गर्दै लैजानु पर्दछ। यदि वित्तीय विवरणमा लेखाङ्कन भएको कुनै दायित्व बहन गर्न अब आर्थिक स्रोत बाहिरिने सम्भावना छैन भनी यकिन भएमा सो व्यवस्था (Provision) गरी खर्च दाबी गरिएको रकमलाई आयमा समावेश गर्न (Reversed) आवश्यक हुन्छ।

(छ) **व्यवस्था (Provision)को उपयोग (Use of Provisions):-** व्यवस्था (Provision) का लागि लेखाङ्कन गरिएको रकम केवल सुरुवातमा पहिचान गरिएको शीर्षकमा सम्बन्धित दायित्व बहन गर्ने प्रयोजनका लागि मात्र संस्थानले खर्च गर्न सक्छ।

(ज) **भविष्यको सञ्चालन घाटा (Future Operating Losses):-** संस्थानले भविष्यको सञ्चालन घाटाका लागि कुनै व्यवस्था (Provision) पहिचान गर्न पाउँदैन।

(झ) **कष्टसाध्य सम्झौताहरू (Onerous Contract):-** यदि संस्थानले कुनै कष्टसाध्य सम्झौता गरेको छ भने सम्झौता अन्तर्गतको वर्तमान दायित्वलाई व्यवस्था (Provision)को रूपमा मान्यता दिनु पर्दछ र सोही अनुसार मापन गर्नु पर्दछ।

(स्पष्टीकरणः सम्झौताअनुसार दायित्व पूरा गर्न लाग्ने अनिवार्य खर्च त्यसबाट प्राप्त हुने अपेक्षित आर्थिक लाभभन्दा बढी हुने सम्झौतालाई कष्टसाध्य सम्झौता (Onerous Contract) सम्झनु पर्दछ)

मामिला अध्ययनः कष्टसाध्य (Onerous) सम्झौता

एक संस्थानले २०७३ साल साउनमा १० वर्षका लागि व्यापार सञ्चालन गर्न एक कम्पनीको कारखाना पट्टा (लिज) मा लिएको रहेछ। २०७९ असारमा संस्थानले आफ्नो स्वामित्वमा भएको नयाँ कारखानामा उक्त व्यवसाय स्थानान्तरण गरेको रहेछ। तर पुरानो कारखानाको लिज अवधि अझै चार वर्ष बाँकी रहेछ। यस सम्झौतालाई संस्थानले रद्द गर्न मिल्ने अवस्थामा पनि नभएको र सम्झौताको सर्त बमोजिम अन्य कुनै तेस्रो पक्षलाई पुनः भाडामा लगाउन पनि सक्दैन।

नेपाल लेखामान ३७ अनुसार विश्लेषण

चरण १: के घटनाले वर्तमानमा दायित्व सिर्जना गर्ने सम्भावना छ?

- छ। पट्टा सम्झौता गरिएको दिनबाट कानुनी दायित्व सिर्जना हुन्छ।

चरण २: के आर्थिक स्रोत बहिर्गमन हुन सक्ने सम्भावना उच्च वा मध्यम छ?

- छ। जब पट्टा कष्टसाध्य (Onerous) अर्थात् सम्झौताको लगानी लाभको तुलनामा घाटा हुने अवस्थामा पुग्छ तब आर्थिक स्रोत बहिर्गमन हुने सम्भावना हुन्छ। तर पट्टा कष्टसाध्य (Onerous)

नबन्दा सम्म, संस्थानले नेपाल वित्तीय प्रतिवेदन मान १६ को नियमअनुसार पट्टाको लेखाङ्कन गर्नु पर्दछ ।

चरण ३: के दायित्व रकमको भरपर्दो अनुमान गर्न सकिन्छ ?

- सकिन्छ । नेपाल लेखामान ३७ का प्रावधानअनुसार टार्न नसकिने पट्टा भुक्तानीको लागि भरपर्दो अनुमान गर्नु पर्दछ।

नेपाल लेखामान ३७ अनुसार निष्कर्ष

वर्तमान घटनालाई टार्न नसकिने हुँदा यो सम्झौता कष्टसाध्य (Onerous) पट्टा हो। सम्झौतामा उल्लेख भए बमोजिम पट्टा (लिज) भुक्तानीको भरपर्दो अनुमानका आधारमा वासलातमा व्यवस्था (Provision)को लेखाङ्कन गर्नु पर्दछ।

८. **सम्भावित दायित्वको खुलासाः** (१) नेपाल लेखामान ३७ अनुसार मध्यम सम्भावना (Possible) मात्र भएको सम्भावित दायित्व वहनका लागि कुनै व्यवस्था (Provision) को आवश्यकता पर्दैन। यस प्रकारको सम्भावित दायित्वमा आर्थिक स्रोत बहिर्गमनको सम्भावना अत्यन्तै न्यून नभएसम्म लेखा टिप्पणीमा यसको अनिश्चितताहरू वा आर्थिक स्रोत बहिर्गमन (Outflow) को समय, वित्तीय प्रभाव र शोधभर्ना/पुनः प्राप्त गर्न सकिने लागत भएमा सोको स्रोत जस्ता सम्भावित दायित्वलाई स्पष्ट चित्रित गर्ने विवरण खुलासा गर्नु पर्दछ। यस अनुसार संस्थानले वासलात मितिमा प्रत्येक वर्ग (उच्च, मध्यम वा न्यून) को सम्भावित दायित्वको लागि सम्बन्धित खर्च शीर्षकमा त्यस दायित्वको प्रकृतिको संक्षिप्त विवरण खुलासा गर्दा देहाय बमोजिमको तथ्य खुलाउनु पर्नेछः

(क) वित्तीय प्रभावको अनुमान,

(ख) कुनै बहिर्गमनको रकम वा समयसँग सम्बन्धित अनिश्चितताहरूको सङ्केत,

(ग) कुनै शोधभर्ना (Reimbursements) को सम्भावना।

मामिलाः सम्भावित दायित्वको खुलासा

नेपाल सरकारको स्वामित्वमा रहेको एक संस्थानले सन् २०१० मा एसियाली विकास बैङ्कको (ADB) सहयोगमा प्रसारण लाइन परियोजना अन्तर्गत एउटा उच्च-भोल्टको सबस्टेशन आपूर्ति र स्थापनाका लागि विदेशी ठेकेदारसँग सम्झौता गरेको रहेछ।

सन् २०११ मा संस्थानको आन्तरिक कारणले जग्गा हस्तान्तरण तथा भन्सार प्रक्रियामा ढिलाइ भयो। ठेकेदारले भुक्तानी दाबी गर्दा ठेक्काको "Delay Attributable to Employer" (रोजगारदाताको कारण भएको ढिलाइ) सर्तअनुसार खर्च वृद्धि तथा जरिबाना बापत ८५ करोड रुपैयाँ क्षतिपूर्ति माग गर्दै औपचारिक दाबी प्रस्तुत गरेको छ।

ठेक्काको कार्यमा ठेकेदारबाट कमजोर परिचालन र कागजात व्यवस्थापनको त्रुटिले पनि ढिलाइ भएको भन्दै संस्थानले ठेकेदारको दाबीलाई अस्वीकार गरेको छ। हाल ठेक्का सम्झौताअनुसार यो विषय विवाद समाधान प्रक्रियामा रहेको छ।

संस्थानका कानुनी तथा ठेक्का व्यवस्थापन टोलीले यस घटनामा दायित्व सिर्जना भई दायित्व स्थापित (Crystallization) हुने सम्भावना ४०% रहने अनुमान गरेका छन्।

नेपाल लेखामान ३७ अनुसार विश्लेषणः

चरण १ः यस घटनाले वर्तमानमा दायित्व सिर्जना गर्ने सम्भावना छ कि छैन?

- औपचारिक ठेक्का अन्तर्गतको दाबी प्रस्तुत भइसकेको छ र विवाद समाधान प्रक्रिया जारी छ।
- विवाद समाधानको परिणामअनुसार मध्यम सम्भावित दायित्व रहेको छ।

चरण २ः आर्थिक स्रोत बाहिरिने सम्भावना (Outflow) छ कि छैन ?

- व्यवस्थापनको मूल्याङ्कन अनुसार दायित्व स्थापित (Crystallization) हुने सम्भावना ४०% छ।
- विवाद समाधानको अन्तिम नतिजामाथि निर्भर हुने भएकोले स्रोत बाहिरिने मध्यम सम्भावना (Possible) छ तर उच्च सम्भावना (Probable) छैन।

चरण ३ः दायित्व रकमको भरपर्दो अनुमान गर्न सकिन्छ कि सकिन्न?

- सकिन्छ। ठेकेदारले सम्झौता र सम्बन्धित खर्च विवरण अनुसार स्पष्ट रूपमा ८५ करोड रुपैयाँ दाबी गरेको छ।

नेपाल लेखामान ३७ अनुसार निष्कर्षः

यो अवस्था सम्भावित दायित्व (Contingent Liability) का रूपमा रहनेछ किनभने;

- वर्तमान दायित्व मध्यम सम्भावना छ तर उच्च सम्भावना छैन,
- आर्थिक स्रोत बाहिरिने मध्यम सम्भावना छ तर उच्च सम्भावना छैन,
- रकम स्पष्ट रूपमा अनुमान गर्न सकिन्छ,

संस्थानले यसलाई लेखा टिप्पणीमा सम्भावित दायित्व (Contingent Liability) का रूपमा खुलासा (Disclose) गर्नु पर्दछ। दाबी स्थापित (crystallization) हुने सम्भावना ३०-४९% भएको हुनाले कार्यविधि बमोजिम यस घटनाको सम्भावित दायित्वको जोखिम श्रेणी "मध्यम (Moderate)" हुनेछ।

मामिलाः

नेपाल सरकारको स्वामित्वमा रहेको एक पूर्वाधार निर्माण कार्य गर्ने संस्थानले नेपाल सरकारबाट वाग्मती नदी माथि पुल निर्माण गर्ने ठेक्का प्राप्त गरेको थियो। संस्थानले उक्त नदी माथि समयमा नै पुल निर्माण गरेको थियो। तर निर्माणको क्रममा आन्तरिक इन्जिनियरिङ त्रुटिका कारण निर्माण पूरा भएको यस

पुलको केही भागमा संरचनात्मक समस्या देखियो। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले औपचारिक पत्र पठाई संस्थान स्वयंले उक्त संरचनात्मक त्रुटि आफ्नै खर्चमा सच्याउन निर्देशन दिएको छ। संस्थानको प्राविधिक टोलीले समस्या समाधान गर्न पुनःनिर्माणको कार्य गर्नुपर्ने र पुनर्निर्माण गर्दा प्रभावित पक्षहरू (पुल भत्किँदा प्रभावित भएका स्थानीय व्यवसाय) लाई क्षतिपूर्ति सहित १ करोड रुपैयाँ खर्च लाग्ने अनुमान गरेको छ।

नेपाल लेखामान ३७ अनुसार विश्लेषणः

चरण १ः घटनाले वर्तमानमा दायित्व सिर्जना हुने सम्भावना छ कि छैन ?

- छ। विगतमा भएको घटनाको कारण वर्तमान दायित्व सिर्जना भएको छ। ठेक्का सम्झौताबाट दायित्व सिर्जना भएको र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले औपचारिक रूपमा निर्देशन दिएको छ। समस्याको सिर्जना संस्थानको पुल डिजाइन नै त्रुटि हो भन्ने पुष्टि भइसकेको छ। यसले कानूनी (legal) तथा दाबी स्थापित (constructive) हुने गरी दायित्व सिर्जना गरेको छ।

चरण २ः आर्थिक स्रोत बाहिरिने सम्भावना (Outflow) छ कि छैन?

- छ। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको निर्देशन कानून पालना गर्नुपर्ने भएकाले उक्त संस्थानले सम्झौताका सर्तहरू पालना गर्न तथा जरिबाना वा कालोसूचीमा पर्न नदिन पुनःनिर्माण कार्य गर्नैपर्ने हुन्छ।

चरण ३ः दावी रकमको भरपर्दो अनुमान गर्न सकिन्छ कि सकिन्न?

- सकिन्छ। प्राविधिक टोलीको अनुमानमा यो खर्च १ करोड रुपैयाँ हुनेछ।

निष्कर्ष (नेपाल लेखामान ३७ अनुसार)ः

नेपाल लेखामान ३७ अनुसार मान्यता दिनुपर्ने तीन वटै आधार पूरा भएका छन्ः

- वर्तमान दायित्व (विगतको घटनाबाट सिर्जित)
- आर्थिक स्रोत बाहिरिने सम्भावना निश्चित (Probable)
- रकमको भरपर्दो अनुमान गर्न मिल्ने

उक्त संस्थानले आफ्नो वित्तीय विवरणमा १ करोड रुपैयाँको सम्भावित दायित्व व्यवस्था (Provision) गर्नुपर्ने हुन्छ।

मामिला अध्ययन :

नेपाल सरकारको स्वामित्वमा रहेको एक वित्तीय संस्थानले कर्णाली क्षेत्रमा ४० मेगावाटको जलविद्युत् आयोजना निर्माण गर्न लागेको एक निजी कम्पनीलाई आ.व. २०७८/७९ मा २ अर्ब रुपैयाँको दीर्घकालीन परियोजना ऋण प्रदान गरेको रहेछ।

परियोजनाले जलविद्युत गृह निर्माणका लागि कार्य आरम्भ गर्न प्रभावित क्षेत्रका केही समुदायसँग जग्गा अधिग्रहण विवाद र सरकारी वन प्रयोगको नेपाल सरकारबाट स्वीकृति प्राप्ति गर्न भएको ढिलाइका कारण परियोजना अनिश्चितकालका लागि रोकिएको छ। कम्पनीले लगातार दुई वर्षदेखि ब्याज भुक्तानी गर्न सकेको छैन । यसबाट संस्थानको दीर्घकालीन लगानीबाट प्राप्त हुने ब्याज आम्दानीमा प्रत्यक्ष असर पर्न जाने देखिन्छ।

संस्थानले यस ऋणलाई बारम्बार पुनर्संरचना (Restructuring) को प्रयास गर्दासमेत संस्थानको आन्तरिक ऋण जोखिम समितिले आ.व. २०८०।८१ मा निम्न निष्कर्ष निकालेको छः

- सरकारले हस्तक्षेप नगरेसम्म ऋण असुलीको सम्भावना न्यून छ।
- यो ऋणलाई निष्क्रिय कर्जा (Non-Performing Loan) को रूपमा वर्गीकरण गर्नु पर्ने र डुबेको कर्जाको लागि गरिने व्यवस्था (Provision) को रूपमा मान्यता दिनुपर्ने छ।
- स्वतन्त्र तेस्रो-पक्ष मूल्याङ्कनकर्ता तथा कम्पनीको आन्तरिक जोखिम विश्लेषण विधिको आधारमा भविष्यको नगद प्रवाह (Cash flow) लाई डिस्काउन्ट गरी अनुमानित कर्जा नोक्सानी (Expected Credit Loss) गणना गर्दा यस्तो नोक्सानी करिब ९० करोड रुपैयाँ हुन सक्ने देखिन्छ।

नेपाल लेखामान ३७ अनुसार विश्लेषणः

चरण १: यस घटनाले वर्तमानमा दायित्व सिर्जना गर्ने सम्भावना छ कि छैन?

- छ। ऋणदाता भएको आधारमा संस्थानलाई ऋणीले ब्याज भुक्तानी नगर्दा वित्तीय क्षतिको जोखिम रहेको छ।
- यसले विगतको घटनाबाट वर्तमान दायित्व सिर्जना गरेको छ।

चरण २: आर्थिक स्रोत बाहिरिने सम्भावना (Outflow) छ कि छैन ?

- छ (आर्थिक स्रोत बाहिरिने सम्भावना नभए पनि ब्याज आय प्राप्त नहुँदा ब्याजको क्षयीकरण हुने भएकोले)। परियोजना अनिश्चितकालसम्म स्थगित रहने सम्भावना भएको र निकट भविष्यमा ऋणीबाट ब्याज आम्दानी प्राप्त हुने सम्भावना न्यून रहेको हुँदा आर्थिक क्षतिको उच्च सम्भावना (Probable) छ।

चरण ३: दायित्व रकमको भरपर्दो अनुमान गर्न सकिन्छ कि सकिन्न ?

- सकिन्छ। स्वतन्त्र मूल्याङ्कन तथा कम्पनीको आन्तरिक विश्लेषण अनुसार अनुमानित कर्जा नोक्सानी Expected Credit Loss रकम ९० करोड रुपैयाँ छ।

निष्कर्ष (नेपाल लेखामान ३७ अनुसार):

नेपाल लेखामान ३७ अन्तर्गत आवश्यक तीनै वटा आधारहरू पूरा भएका छन्:

- वर्तमान दायित्व (Present Obligation)

- आर्थिक स्रोत बाहिरिने उच्च सम्भावना (Probable)
- रकमको भरपर्दो अनुमान गर्न सकिने (Reliably Estimable)

त्यसैले, संस्थानले आफ्नो वित्तीय विवरणमा कर्जाको ब्याजमा भएको हानी (Impairment) का लागि ९० करोड रुपैयाँको व्यवस्था (Provision) मान्यता दिनुपर्ने हुन्छ।

मामिलाः

नेपाल सरकारको स्वामित्वमा रहेको एक संस्थानले, नेपालमा पेट्रोलियम पदार्थको आयात तथा वितरण गर्दै आएको छ। यस संस्थानले एउटा अन्तर्राष्ट्रिय आपूर्तिकर्तासँग दीर्घकालीन पेट्रोलियम आपूर्ति सम्झौता गरेको रहेछ।

सन् २०२२ को सुरुतिर भूराजनीतिक तनाव र बन्दरगाहमा भएको अवरोधका कारण संस्थानले सम्झौताअनुसार पेट्रोलियम पदार्थको ढुवानी समयमै गर्न नसकेकोले "Take-or-Pay" सर्त उल्लङ्घन गरेको आरोप लाग्यो। आपूर्तिकर्ताले सम्झौता अनुसार राजस्व हानी तथा डेमरेज शुल्क भन्दै १ अरब २० करोड रुपैयाँ क्षतिपूर्ति माग गरी औपचारिक सूचना जारी गरेको छ।

संस्थानले यस दाबीलाई "Force Majeure" (अप्रत्याशित घटना) सर्त उल्लङ्घन भएको आधारमा अस्वीकार गर्दै अन्तर्राष्ट्रिय मध्यस्थता (Arbitration) मार्फत प्रतिवाद गरेको छ।

कानूनी सल्लाहकारहरूले, "Force Majeure" सर्तको जटिलता तथा विगतका यस्तै घटनाहरूको आधारमा दायित्व स्थापित (Crystallization) हुने सम्भावना ६०% भएको बताएका छन्।

नेपाल लेखामान ३७ अनुसार विश्लेषणः

चरण १ः घटनाले वर्तमानमा दायित्व सिर्जना गर्ने सम्भावना छ कि छैन?

- यी आपूर्तिकर्ताबाट औपचारिक क्षतिपूर्ति माग गरिएको छ।
- मध्यस्थता प्रक्रिया सुरु भएको छ तर कुनै अन्तिम निर्णय आएको छैन।
- यसर्थ, मध्यस्थताको अन्तिम फैसलालाई आधार मान्दा यस घटनाको मध्यम सम्भावित दायित्व छ।

चरण २ः आर्थिक स्रोत बाहिरिने सम्भावना (Outflow) छ कि छैन ?

- यसमा दायित्व स्थापित (Crystallization) हुने सम्भावना ६०% छ।
- "Force Majeure" सर्तको जटिलता र ऐतिहासिक पूर्वाधारका कारण आर्थिक स्रोत बहिर्गमनको मध्यम सम्भावना (Possible) छ, उच्च सम्भावना (Probable) छैन।

चरण ३ः दायित्व रकमको भरपर्दो अनुमान गर्न सकिन्छ कि सकिन्न?

- सकिन्छ। सम्झौताका दस्तावेज र डेमरेज शुल्कको बीजकमा आपूर्तिकर्ताले स्पष्ट रूपमा १ अरब २० करोड रुपैयाँको माग गरेको छ।

निष्कर्ष (नेपाल लेखामान ३७ अनुसार):

यो दायित्व सम्भावित दायित्व (Contingent Liability) को रूपमा वर्गीकृत हुन्छ किनभने:

- दायित्व मध्यम सम्भाव्य (Possible) छ तर निश्चित छैन।
- आर्थिक स्रोत बाहिरिने उच्च सम्भावना (Possible) छैन तर अनुमान गर्न सकिन्छ ।

त्यसैले, संस्थानले यसलाई सम्भावित दायित्व (Contingent Liability) को रूपमा लेखा टिप्पणीमा खुलासा (Disclose) गर्नुपर्दछ ।

तर जोखिम स्तर मापन म्याट्रिक्सका आधारमा दावी स्थापित (Crystallization) हुने सम्भावना ५०—७०% भएकाले कार्यविधि अनुसार यस सम्भावित दायित्वको जोखिम श्रेणी "उच्च (High)" हुनेछ।

मामिला अध्ययन :

नेपाल सरकारको स्वामित्वमा रहेको एक संस्थानले आ.व. २०७९/८० मा मानव संसाधन व्यवस्थापन रणनीतिअन्तर्गत विभिन्न सर्तहरू निर्धारण गरी स्वैच्छिक अवकाश योजना (Voluntary Retirement Scheme - VRS) स्वीकृत गरेको रहेछ। यो योजना औपचारिक रूपमा २०८० जेठ महिनामा सार्वजनिक गरिएको रहेछ। योजनामा आवद्ध हुने कर्मचारीले २०८० असार मसान्त भित्र आवेदन दिई अवकासमा जानु पर्ने प्रावधान रहेछ। यस योजना भित्र पर्ने कर्मचारीहरूले अवकास लिएमा एकमुष्ट आर्थिक लाभ सहितको प्रारम्भिक अवकाशको प्याकेज प्रदान गर्ने व्यवस्था रहेछ।

यो योजना:

- संस्थानका सबै कर्मचारीहरूलाई सार्वजनिक रूपमा सूचित गरिएको छ।
- स्वैच्छिक भए पनि आवेदन बुझाउने अन्तिम मिति स्पष्ट तोकिएको छ र बजेट स्वीकृति पनि भइसकेको छ।
- विगतको अनुभव र हालसम्म प्राप्त आवेदनहरूको आधारमा कम्तीमा २०० जना कर्मचारीले स्वेछिक अवकास योजनामा आवेदन गर्ने अपेक्षा गरिएको छ।
- प्रति कर्मचारी अनुमानित लागत (क्षतिपूर्ति, पेन्सन सहित) १० लाख रुपैयाँ रहेछ, जस अनुसार कुल अनुमानित खर्च २० करोड रुपैयाँ हुन आउँछ।
- एकपटक कर्मचारीहरूले स्वेच्छिक आवकास योजना लिन आवेदन गरेपछि उक्त आवेदन फिर्ता लिन नसकिने प्रावधान रहेछ। आर्थिक वर्ष सकिनुभन्दा अघि नै कर्मचारीहरूले आवेदन दिन थालेका छन्।

नेपाल लेखामान ३७ अनुसार विश्लेषणः

चरण १ः घटनाले वर्तमानमा दायित्व सिर्जना गर्ने सम्भावना छ कि छैन ?

- छ। संस्थानले बजेट स्वीकृति सहित औपचारिक रूपमा योजना सार्वजनिक गरी प्रतिबद्धता जनाएको हुनाले योजना स्वीकार गर्ने कर्मचारीहरूप्रति सिर्जित दायित्व (Constructive Obligation) सिर्जना भएको छ।

चरण २ः आर्थिक स्रोत बाहिरिने सम्भावना (Outflow) छ कि छैन ?

- छ। कर्मचारीहरूले आवेदन दिन सुरु गरिसकेका छन् र विगतका अनुभव अनुसार धेरै कर्मचारीहरूले योजना स्वीकार गर्ने सम्भावना उच्च छ।

चरण ३ः दायित्व रकमको भरपर्दो अनुमान गर्न सकिन्छ कि सकिन्न ?

- सकिन्छ। अपेक्षित कर्मचारी सङ्ख्या तथा योजना अन्तर्गत प्रदान गरिने लाभहरूको आधारमा स्पष्ट रूपमा रकम अनुमान गर्न सकिन्छ।

निष्कर्ष (नेपाल लेखामान ३७ अनुसार)ः

नेपाल लेखामान 37 अनुसार आवश्यक सबै आधारहरू पूरा भएका छन्ः

- वर्तमान दायित्व (Present Obligation)
- आर्थिक स्रोत बाहिरिने उच्च सम्भावना (Probable)
- रकमको भरपर्दो अनुमान गर्न सकिने (Reliably Estimable)

त्यसैले, संस्थानले आर्थिक वर्ष २०७९/८० को वित्तीय विवरणमा स्वैच्छिक अवकाश योजनाका लागि अनुमानित खर्च २० करोड रुपैयाँको सम्भावित दायित्वको व्यवस्था (Provision) लेखाङ्कन गर्नुपर्छ।

मामिलाः

नेपाल सरकारको स्वामित्वमा रहेको एक संस्थान दूरसञ्चार क्षेत्रमा संलग्न रहेछ। संस्थानले निजी कम्पनीहरूसँग प्रतिस्पर्धा गर्न नेपालका विभिन्न क्षेत्रमा 4G सेवा विस्तार गरिरहेको रहेछ। आर्थिक वर्ष २०७९/८० मा भएको प्रविधिक लेखापरीक्षणको क्रममा संस्थानले विभिन्न गोदामहरूमा राखिएका ठूलो परिमाणका पुराना 2G र 3G प्रविधिका उपकरणहरू (Base Transceiver Stations, Switches, Routers लगायत) रहेको पहिचान गरेको छ। संस्थानको सञ्चालक समितिले यी प्रयोगमा नआउने उपकरणहरू विसर्जन (Disposal) गर्ने योजना स्वीकृत गरिसकेको छ।

यी उपकरणहरूः

- ६ देखि ८ वर्षअघि नेटवर्क विस्तारका लागि नयाँ योजनाअन्तर्गत खरिद गरिएको रहेछ।

- स्वीकृति प्रक्रियामा ढिलाइ र प्रविधिमा आएको परिवर्तनका कारण कहिल्यै जडान गरिएको रहेनछ।
- अहिले सञ्चालनमा रहेको प्रविधिका कारणले प्रयोगमा ल्याउन नसकिने (Obsolete) भएको एवं बजारमा बिक्री गर्न वा पुनः प्रयोग गर्न सकिने सम्भावना रहेनछ।

आन्तरिक इन्जिनियरिङ समिति र महालेखापरीक्षक कार्यालय (OAG) को लेखापरीक्षणले यी सम्पत्तिहरूलाई विसर्जन (Disposal) गर्न तथा संस्थानको सम्पत्ति अपलेखन (Write-off) गर्न सिफारिस गरेको छ। ती उपकरणहरूलाई हटाउने, खण्डीकरण गर्ने तथा सुरक्षित रूपमा इलेक्ट्रोनिक फोहर (e-Waste) व्यवस्थापन गर्न अनुमानित लागत २० करोड रुपैयाँ लाग्ने भरपर्दो अनुमान रहेको छ।

नेपाल लेखामान ३७ अनुसार विश्लेषणः

चरण १: घटनाले वर्तमानमा दायित्व सिर्जना गर्ने सम्भावना छ कि छैन?

- छ। निम्न कारणहरूले गर्दा संस्थानको सिर्जित (Constructive) तथा नियामकीय (Regulatory) दायित्व सिर्जना भएको छः
- सरकारले तोकेको इलेक्ट्रोनिक फोहर (e-Waste) व्यवस्थापन नियम
- प्रविधिमा आएको विकासले प्रयोगमा अयोग्य भएका उपकरणहरू हटाउने आन्तरिक निर्णय
- संस्थानको विगतमा हुने गरेका अभ्यास तथा सार्वजनिक उत्तरदायित्व

चरण २: आर्थिक स्रोत बाहिरिने सम्भावना (Outflow) छ कि छैन?

- छ। वातावरणीय नियमको पालना गर्न तथा गोदाम खाली गरी 4G का लागि ठाउँ सिर्जना गर्न उपकरणहरू हटाउन र विसर्जन गर्न आवश्यक छ। संस्थानको सञ्चालक समितिले विसर्जन योजना स्वीकृत गरिसकेको छ।

चरण ३: दायित्व रकमको भरपर्दो अनुमान गर्न सकिन्छ कि सकिन्न?

- सकिन्छ। आन्तरिक मूल्याङ्कन र विक्रेताबाट प्राप्त कोटेसनका आधारमा अनुमानित खर्च २० करोड रुपैयाँ स्पष्ट रूपमा गणना गरिएको छ।

निष्कर्ष (नेपाल लेखामान ३७ अनुसार):

नेपाल लेखामान ३७ अनुसार आवश्यक सबै आधार पूरा भएका छन्:

- वर्तमान दायित्व (Present Obligation)
- आर्थिक स्रोत बाहिरिने उच्च सम्भावना (Probable)
- रकमको भरपर्दो अनुमान गर्न सकिने (Reliably Estimable)

यसकारण, संस्थानले आर्थिक वर्ष २०७९/८० को वित्तीय विवरणमा उपकरण विसर्जन तथा ई-वेस्ट व्यवस्थापनका लागि २० करोड रुपैयाँको सम्भावित दायित्वका लागि व्यवस्था (Provision) लेखाङ्कन गर्नु पर्दछ।

परिच्छेद-३

जमानत

९. **सरकारी जमानतः** (१) सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ को दफा १४ अनुसार सरकारले प्रदान गर्ने जमानत हो। यस जमानतले संस्थानले ऋण सम्झौता बमोजिम साँवा र ब्याज चुक्ता गर्न नसकेमा चुक्ता गर्न नसकेको जति साँवा र ब्याज बापतको रकम सङ्घीय सञ्चित कोषमा वा अन्य सरकारी कोषप्रति व्ययभार हुनेछ भन्ने व्यवस्था गरेको छ। कार्यालयले नेपाल सरकारद्वारा जारी गरिएका विभिन्न प्रकारका जमानतको संक्षिप्त विवरण सहित गम्भीर, उच्च, मध्यम र न्यून गरी चार प्रकारमा जोखिमलाई वर्गीकरण गर्नु पर्दछ।

(२) जमानतको विवरण सङ्कलन गर्ने ढाँचा अनुसूची १ बमोजिम हुनेछ।

१०. **सरकारी जमानत सङ्कलनः** (१) सरकारी जमानतको सङ्कलन प्रक्रिया देहायबमोजिम हुनेछः-

(क) नेपाल सरकारले जारी गरेको जमानतको विवरण कार्यालयले माग गर्न सक्नेछ। कार्यालयले माग गरेका विवरण उपलब्ध गराउनु संस्थानको कर्तव्य हुनेछ।

(ख) सरकारी जमानतको लागि दायित्व स्थापित र जोखिम मूल्याङ्कनको सम्भावना निर्धारण गर्दा कार्यालयले परिच्छेद ५ प्रतिवेदन खण्डमा उल्लिखित जोखिम म्याट्रिक्स तथा अनुसूची ४ मा उल्लिखित दायित्व स्थापित (Crystallization) हुने सम्भावना निर्धारण समेतको आधारमा सरकारी जमानतको जोखिमको विश्लेषण गरी जोखिम स्तर निर्धारण गर्न सक्नेछ।

परिच्छेद-४
सम्भावित दायित्व एकीकृत गर्ने प्रक्रिया

११. **सम्भावित दायित्व एकीकृत गर्ने प्रक्रियाः** (१) कार्यालयले संस्थानको सम्भावित दायित्वको तथ्याङ्क एककृत गर्न, जोखिम मूल्याङ्कन गर्न, अनुगमन, निर्देशन तथा प्रतिवेदन गर्न निश्चित प्रक्रिया अवलम्बन गर्न सक्नेछ ।

(२) कार्यालयले सबै सार्वजनिक संस्थानलाई सम्भावित दायित्व र सिर्जित दायित्वका लागि गरिएको व्यवस्था (Provision) सम्बन्धी विवरण सङ्कलन गर्न अनुसूची २ बमोजिम निर्देशन जारी गर्न सक्नेछ। उक्त निर्देशनमा देहायका कुराहरु खुलाउनु पर्नेछः-

(क) संस्थानले दिएको जमानतः सार्वजनिक संस्थानले दिएको जमानत प्रकृतिको आधारमा देहाय बमोजिम वर्गीकरण गर्नुपर्छः

1. **कर्पोरेट जमानतः** कर्पोरेट जमानत भन्नाले सहायक कम्पनी वा सम्बन्धित पक्षको ऋण वा दायित्व भुक्तानी गर्न संस्थानले दिएको वा दिने जमानत वुझ्नु पर्दछ।

2. **बैङ्क जमानतः** बैङ्क जमानत भन्नाले संस्थानको तर्फबाट बैङ्कले तेस्रो पक्ष (सरकार, विक्रेता) लाई दिएको वा दिने ग्यारेन्टी वुझ्नु पर्दछ।

3. **कार्यसम्पादन जमानतः** कार्यसम्पादन जमानत भन्नाले आफ्नो ग्राहकलाई संस्थानले सम्झौता बमोजिम दायित्व पूरा गर्नेछ भनी आश्वासन दिइएको जमानत बुझ्नु पर्दछ (जस्तैः निर्माण वा सेवा सम्झौताहरू)।

4. **वित्तीय जमानतः** वित्तीय जमानत भन्नाले ऋणपत्रजस्ता वित्तीय दायित्व तिर्ने जमानत बुझ्नु पर्दछ, जसमा मूल दायित्व वाहकले भुक्तानी नगरेमा जमानत दिने संस्थानले भुक्तानी गर्नु पर्दछ।

5. **आयात/निर्यात जमानतः** आयात/निर्यात जमानत भन्नाले अन्तर्राष्ट्रिय व्यापारिक कारोबारमा दिइने जमानत, भुक्तानी वा अनुपालन जोखिम (Compliance Risk) समेत बुझ्नु पर्दछ। यस प्रकारको जमानत अन्तर्गत बैङ्क ग्यारेन्टी, निर्यात कर्जा सुरक्षण (नियार्त बीमा तथा जमानत), भन्सार महसुल ग्यारेन्टी जस्ता उपकरणहरू पर्दछन्।

6. **मुद्दा सम्बन्धी जमानतः** मुद्दा सम्बन्धी जमानत भन्नाले अदालतका मुद्दा वा विवादमा सम्बन्धित संस्थानद्वारा दिइने धरौटी, बैङ्क ग्यारेन्टी, जायजेथा जमानत वा यस्तै अन्य जमानत समेत बुझ्नु पर्दछ।

(ख) प्रतितपत्रः प्रतितपत्र भन्नाले खरिदकर्ता (संस्थान) को तर्फबाट विक्रेतालाई भुक्तानी गर्ने बैङ्कको प्रतिज्ञा बुझ्नु पर्छ। प्रतितपत्र प्रायः अन्तर्राष्ट्रिय व्यापारमा प्रयोग हुन्छ। प्रतितपत्र लेनदेनका सर्तहरू पूरा नभएसम्म सम्भावित दायित्वको रूपमा मापन गरिन्छ।

(ग) संस्थान माथि दाबी गरिएका तर बहन गर्ने जिम्मेवारी स्वीकार नगरिएका सम्भावित दायित्वः यस प्रकारको दायित्व विवादास्पद दायित्व अन्तर्गत पर्दछन्। यसमा संस्थानले आफ्नो जिम्मेवारी स्वीकार गरेको हुँदैन तर कानुनी वा अन्य परिणामको आधारमा भविष्यमा आर्थिक स्रोत बाहिरिन सक्ने वा दायित्व वहन गर्नुपर्ने सम्भावना हुन्छ। यस प्रकारको दायित्वलाई सम्भावित दायित्वका रूपमा लेखा टिप्पणीमा खुलासा गर्न आवश्यक हुन्छ।

संस्थानमाथि दाबी गरिएको तर बहन गर्ने जिम्मेवारी स्वीकार नगरिएको दायित्वका केही उदाहरणः

(१) मुद्दा तथा कानुनी विवादहरू

- संस्थान प्रतिवादी रहेको अदालतमा विचाराधीन रहेका मुद्दाहरू (देवानी वा फौजदारी)
- कर्मचारीलाई अनधिकृत तरिकाले संस्थानबाट अवकाश दिइएकोमा निष्कासित कर्मचारीले दाबी गरेको रकम वा क्षतिपूर्तिसम्बन्धी दाबी सम्बन्धी मुद्दाहरू
- ग्राहकले उत्पादनमा भएको त्रुटि, पर्याप्त सेवा नपुगेको वा सम्झौता उल्लङ्घनका आधारमा दायर गरेका मुद्दाहरू
- वातावरणीय क्षति वा प्रदूषणसम्बन्धी मुद्दाहरू
- बौद्धिक सम्पत्ति विवाद (जस्तै, पेटेन्ट वा ट्रेडमार्क उल्लङ्घन)
- कुनै पनि निकायमा चलिरहेको मध्यस्थता (Arbitration)

(२) करसम्बन्धी विवादहरू

- पुनरावेदन अन्तर्गतका आयकर मागहरू।
- विवादमा रहेका मूल्य अभिवृद्धि कर/अन्तःशुल्क दाबीहरू।
- कम मूल्याङ्कन (Under-Invoicing) वा गलत वर्गीकरण (Misclassification) का कारण भन्सार शुल्कको दाबीहरू।
- कर प्राधिकरणले अस्वीकार गरेका खर्च/कटौतीहरू।
- संस्थानद्वारा चुनौती दिइएको मूल्य हस्तान्तरण (Transfer Pricing) समायोजनहरू।

(३) विक्रेता / आपूर्तिकर्ताहरूद्वारा गरिएका दाबीहरू

- विवादमा रहेका बिलहरू वा आपूर्ति सम्झौताहरू जुन अझै दायित्वका रूपमा मान्यता दिइएको छैन।
- सम्झौतामा ढिलाइ वा उल्लङ्घनका कारण जरिबाना वा क्षतिपूर्तिका दाबीहरू।

(४) **ग्राहकहरूद्वारा गरिएका दाबीहरू**

- उत्पादनमा त्रुटि, सेवा ढिलाइ वा परियोजनाको कार्यसम्पादन कमजोर भएको दाबीमा फिर्ता, जरिबाना वा क्षतिपूर्तिका दाबीहरू।
- व्यवसायले अनधिकृत नाफा आर्जन गरेको वा वस्तु वा सेवा उपयोगबाट ग्राहकलाई पर्न गएको नोक्सानका लागि माग गरिएको क्षतिपूर्ति।

(५) **सरकार वा नियामक प्राधिकरणहरूका दाबीहरू**

- इजाजतपत्रका सर्तहरू (License Conditions) को उल्लङ्घन वा नियामक निकायका निर्देशन पालना नभएको वा अवज्ञाबाट सिर्जित दायित्वहरू ।
- कम्पनी ऐन, विदेशी विनिमय नियमन ऐन जस्ता कानुनहरू अन्तर्गत जरिबाना वा दण्डको सूचना।
- दूरसञ्चार (स्पेक्ट्रम) वा खानी इजाजतपत्रसम्बन्धी मागहरू।

(६) **कर्मचारीद्वारा माग भएका लाभ दाबीहरू**

- उपदान, बोनस, पेन्सन, वा अतिरिक्त भुक्तानी (Ex gratia payment) सँग सम्बन्धित मुद्दाहरू।
- सेवा निवृत्त लाभहरू वा कर्मचारी वृत्ति विकास(बढुवा)को अवसर बञ्चितीकरणमा परेको कारणले उत्पन्न भएका विवादहरू।

(७) **सम्पत्ति र जग्गासम्बन्धी विवादहरू**

- सम्पत्तिको स्वामित्व वा कब्जा सम्बन्धी विवादित दाबीहरू।
- अतिक्रमण, तोकिएको सीमा उल्लङ्घन (Zoning Violation), वा भूमि अधिग्रहणका लागि स्थानीय अधिकारीहरू वा तेस्रो पक्षद्वारा दायर गरिएका मुद्दाहरू।

(८) **बीमा सम्बन्धी विवादहरू**

- कम्पनीको गतिविधि वा कर्मचारीका कारण तेस्रो पक्षद्वारा दायर दुर्घटना वा क्षतिको दाबीहरू।
- बीमा दाबीको क्षतिपूर्ति सम्बन्धी विवादहरू।

(घ) **भुक्तानी सङ्कलन (Bills for Collection)** : भुक्तानी सङ्कलनका लागि पठाइएका व्यापारिक कागजात जस्तै विनिमयपत्र (Bill of Exchange) वा प्रतिज्ञापत्र (Promissory Notes) लाई जनाउँछ, जसले कुनै संस्थानले आफ्ना ग्राहकबाट भुक्तानी सङ्कलन गर्न बैङ्कमा पेस गरेको हुन्छ। बैङ्कले भुक्तानी सङ्कलन गर्दा ती ग्राहकबाट भुक्तानी प्राप्त गर्न असमर्थ (Dishonored) हुने जोखिम संस्थानको जिम्मेवारी अन्तर्गत रहन्छ। भुक्तानी प्राप्त गर्न असमर्थ (Dishonored) हुने जोखिमलाई वर्तमानमा संस्थानको लेखामा कुनै दायित्व लेखाङ्कन गरिएको हुँदैन। जबसम्म

रकम सङ्कलनको कार्य सम्पन्न हुँदैन, तबसम्म यसलाई सम्भावित दायित्वको रूपमा संस्थानले लेखा टिप्पणीमा भने खुलासा गर्नुपर्दछ।

(ङ) **स्वीकार्यता (Acceptance):** स्वीकार्यता भन्नाले संस्थान वा संस्थानको तर्फबाट भविष्यमा भुक्तानी गर्ने स्वीकार गरी जारी भएको विनिमय पत्रलाई जनाउँछ। यसले संस्थानको लागि वर्तमानमा भुक्तानीको दायित्व सिर्जना गरेको हुँदैन। यसमा आपूर्तिकर्ताले विनिमय पत्र तयार गर्छ। संस्थानले यस प्रकारको दायित्व परिपक्व (Maturity) नभएसम्म यस्तो रकमलाई सम्भावित दायित्व (Contingent Liability) को रूपमा लेखा टिप्पणीमा खुलासा गर्नु पर्दछ।

(च) **धितो/सुरक्षण (Collateral):** कुनै संस्थानले तेस्रो पक्षको ऋण (जस्तैः सहायक संस्थान, सहयोगी संस्थान वा समूहभित्रका अन्य संस्थानहरू) को लागि धितो (सुरक्षण वा प्रतिबद्धता) प्रदान गरेको र सो संस्थान स्वयं प्रमुख ऋणी (मुख्य दायित्व वहन गर्ने पक्ष) नभएमा तेस्रो पक्षको ऋणलाई सम्भावित दायित्व (Contingent Liability) को रूपमा मापन गरिन्छ। यदि संस्थानले अन्य कसैको ऋणको जमानत दिएको छ र आफ्नै सम्पत्ति धितो स्वरूप प्रदान गरेको छ भने यस्तो अवस्थामा तेस्रो पक्षको ऋणलाई सम्भावित दायित्वको रूपमा लेखा टिप्पणीमा खुलासा गर्न अनिवार्य हुन्छ।

सम्भावित दायित्वमा पर्न सक्ने केही धितो/सुरक्षणका उदाहरणः

तेस्रो पक्षको ऋणका लागि धितो राखिएका सम्पत्तिहरूः

- कुनै समूह अन्तर्गतको संस्थानले लिएको ऋणको लागि, संस्थानले आफ्ना मुद्दती निक्षेप (Fixed Deposits), जग्गा, शेयर वा यस्तै प्रकारका सम्पत्ति धितो प्रदान गर्न स्वीकार गरेको।

धरौटीको रूपमा धितो राखिएका शेयरः

- सहायक कम्पनी वा अन्य संस्थानमा संस्थानले लगानी गरेका शेयर त्यो सहायक संस्थान वा अन्य संस्थानलाई ऋण उपलब्ध गराउन राखिएको धितो।

धितो राखिएको संस्थानको सम्पत्तिः

- संस्थानको स्वामित्वमा रहेको जायजेथा, मेसिन उपकरण तेस्रो पक्षबाट लिइने वित्तीय ऋणका लागि धितोमा राखिएको।

बैङ्क खातामा अग्राधिकार (Lien on Bank Account):

- संस्थानले आफ्नो बैङ्क खाता वा मुद्दती निक्षेपमा अर्को संस्थानले लिएको ऋणको धितो प्रदान गरेको। यदि तेस्रो पक्षले ऋण रकम चुक्ता नगरेमा संस्थानको बचत रकम वा मुद्दती निक्षेपमा कर्जा उपलब्ध गराउने वित्तीय संस्थाको ऋण असुलीमा अग्राधिकार रहन अनुमति दिने।

जिन्सी/बाँकी राखिएको रकमको दृष्टिबन्धक (Hypothecation):

- तेस्रो पक्षबाट कार्यशिल पूँजीको लागि ऋण प्राप्त गर्न कर्जा प्रदान गर्ने वित्तीय संस्थालाई आफ्नो जिन्सी वा प्राप्त हुनुपर्ने भुक्तानी रकम (Receivable) धितो राख्ने।

१२. क्षमता विकासः (१) यस कार्यविधिको कार्यान्वयन र प्रतिवेदनमा एकरूपता सुनिश्चित गर्न कार्यालयले संस्थानका कर्मचारीहरूलाई अभिमुखीकरण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अभिमुखीकरणका उद्देश्यहरू देहायका हुनेछन:-

(क) कानुनी र सिर्जित दायित्व सहित सम्भावित दायित्वको परिभाषा र वर्गीकरणको व्याख्या गर्नु,

(ख) सम्भावित दायित्व वास्तविक दायित्व बन्ने सम्भावनाका सम्बन्धमा मार्गदर्शन गर्नु,

(ग) संस्थानले प्रतिवेदन गरेका तथ्यमा एकरूपता, पूर्णता र स्पष्टता सुनिश्चित गर्नु,

(घ) प्रतिवेदन प्रक्रिया र शब्दावलीको सम्बन्धमा हुने अस्पष्टताका सामान्य क्षेत्र प्रस्ट पार्नु।

१३. पुनरावलोकन तथा सम्पुष्टि : (१) सार्वजनिक संस्थानबाट सम्भावित दायित्वको विवरण प्राप्त गरेपछि कार्यालयले पुनरावलोकन र सम्पुष्टि गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गरिने पुनरावलोकन तथा सम्पुष्टिमा देहायका प्रक्रिया समावेश हुनेछनः-

(क) सार्वजनिक संस्थानले पेस गरेको विवरणको निर्धारित ढाँचा, सङ्गति र पूर्णताको परीक्षण गर्ने,

(ख) स्पष्टीकरण आवश्यक पर्ने विसङ्गति, छुटेका वा अस्पष्ट तथ्याङ्क प्रविष्टिको पहिचान गर्ने,

(ग) आवश्यक भएमा सुधार वा थप जानकारीका लागि सम्बन्धित संस्थानसँग सम्पर्क गर्ने,

(घ) प्रतिवेदनको समयमा ५०% भन्दा बढी दायित्व स्थापित (Crystallization) हुने सम्भावना मापन गरिएका सम्भावित दायित्वको विश्लेषण सहितको थप विवरण पेस गर्न निर्देशन दिन सक्ने।

१४. एकीकृत विवरण तयार गर्नेः (१) राष्ट्रियस्तरको आँकडा तयार गर्न संस्थानको सम्भावित दायित्वलाई केन्द्रीकृत गरी कार्यालयले एकीकृत विवरण तयार गर्नेछ।

(२) उपदफा (१) बमोजिमको एकीकृत विवरण तयार गर्न कार्यालयले देहायका कार्य गर्नु पर्नेछः-

(क) मानक ढाँचा (Standard Template) मा प्रत्येक श्रेणी अन्तर्गत प्रतिवेदन गरिएको प्रत्येक विवरणलाई सङ्गति अनुरूप एकीकरण (Line-by-Line-Aggregation) गर्ने,

(ख) एकीकरणको क्रममा दोहोरिएका (Overlapping), वा गलत वर्गीकृत प्रविष्टिहरूको पहिचान गर्ने।

(ग) प्रस्तुति र विश्लेषणमा एकरूपता सुनिश्चित गर्न अनुसूची ३ बमोजिमको ढाँचा प्रयोग गरिनेछ।

परिच्छेद-५
प्रतिवेदन

१५. **प्रतिवेदनः** (१) वित्तीय जोखिम व्यवस्थापन सुनिश्चित गर्न कार्यालयले सरकारको वित्तीय स्थितिमा प्रतिकूल प्रभाव पार्न सक्ने संस्थानसँग सम्बन्धित सम्भावित दायित्वको मूल्याङ्कन गर्नेछ।

(२) कार्यालयले अनुसूची ३ बमोजिमको वार्षिक प्रतिवेदन मन्त्रालयमा पेस गर्नेछ।

(३) प्रतिवेदनमा देहायका प्रमुख विषयवस्तु समावेश हुने हुनेछनः-

(क) वित्तीय घाटा (Fiscal Deficit) मा पर्ने सम्भावित प्रभावको मूल्याङ्कनः सम्भावित दायित्वको कारणले पर्न सक्ने वित्तीय प्रभावको मूल्याङ्कन गर्न कार्यालयले निम्न पक्षहरूमा केन्द्रित रही विस्तृत विश्लेषण गर्नु पर्नेछ;

(१) सम्भावित आर्थिक स्रोत बहिर्गमन हुने रकम निर्धारणः सम्भावित दायित्व सिर्जना भएमा दायित्व वहनका लागि आवश्यक हुन सक्ने सम्भावित दायित्वको रकम अनुमान गरिनेछ। यसले सरकारी जमानत आह्वान (Guarantee Call), अदालती फैसलाबाट सिर्जना हुने दायित्व र संस्थानलाई जारी गरिएका क्षतिपूर्ति वा स्रोत सुनिश्चित गरिएको रकमलाई समेट्नु पर्दछ।

(२) भविष्यमा बेहोर्नु पर्ने दायित्वः वित्तीय आवश्यकताको प्रक्षेपण गर्दा सरकारले अनुदान वा वित्तीय सहयोग उपलब्ध गराउनु पर्ने सम्भावना भएमा, संस्थानको सञ्चालन वा वित्तीय समस्या समाधानका लागि जमानत दिनुपर्ने सम्भावना भएमा यस प्रकारको दायित्व सिर्जना गर्नु पर्दछ।

(३) सरकारलाई बढी जोखिम हुने दायित्वः सरकारको प्रत्यक्ष जिम्मेवारी भित्र पर्ने उच्च सम्भावना भएका सम्भावित दायित्वको पहिचान गर्नु पर्दछ। यसमा आर्थिक रूपमा कमजोर **संस्थानलाई** दिइएको सरकारी जमानत, नोक्सानको उच्च सम्भावना भएका कानुनी दायित्व र सार्वजनिक-निजी साझेदारी (PPP) मार्फत लिइएका वित्तीय जिम्मेवारी समावेश गर्नु पर्दछ।

(ख) सम्भावित दायित्वको वर्गीकरणः- संस्थानले सम्भावित दायित्व स्थापित (Crystallization) हुने सम्भावनाको प्रतिशत निर्धारण गर्नु पर्दछ। सम्भावित दायित्व स्थापित हुने सम्भावनाको प्रतिशत निर्धारण र वर्गीकरण गर्ने आधार अनुसूची-४ मा दिइएको छ। सम्भावित दायित्वलाई त्यस्तो दायित्व स्थापित (Crystallization) हुने सम्भावनाको प्रतिशतका

आधारमा उच्च, उच्च-मध्यम, मध्यम र न्यून गरी चार प्रकारमा वर्गीकरण गर्नु पर्दछ। जोखिमको मूल्याङ्कन अनुसार सम्भावित दायित्वलाई गम्भीर, उच्च, मध्यम र न्यून (Critical, High, Moderate & Low) जोखिम स्तर (Risk Rating) मा मापन गर्नु पर्दछ। जोखिम स्तर मापन गर्ने म्याट्रिक्स तपसिल बमोजिम रहेको छ।

जोखिमस्तर मापन म्याट्रिक्स

जोखिमको श्रेणी	निश्चित हुने सम्भावना	जोखिम मूल्याङ्कन	सम्भावित दायित्वका उदाहरणहरू
उच्च जोखिम	७०% भन्दा बढी	गम्भीर (Critical)	घाटामा गएका संस्थानलाई दिइएको जमानत; हार बेहोरिने उच्च सम्भावना भएका विवाद वा मुद्दा; सार्वजनिक-निजी साझेदारी (PPP) सम्झौता समाप्त हुँदा बेहोरिने न्यूनतम आम्दानी ग्यारेन्टी रकम।
उच्च-मध्यम जोखिम	५०% देखि ७०% सम्म	उच्च (High)	आर्थिक सङ्कटमा रहेका संस्थानलाई दिइएको जमानत; प्रमुख पूर्वाधार आयोजनाका विचाराधिन मध्यस्थता।
मध्यम जोखिम	३०% देखि ४९% सम्म	मध्यम (Moderate)	पुनरावलोकनमा रहेका अनुदान वा सहायता भुक्तानी; आंशिक दायित्व भएको कानुनी दाबी।
न्यून जोखिम	२९% सम्म	न्यून (Low)	दाबी सिर्जना गर्ने न्यून सम्भावना भएका स्वीकार पत्र; सुरुवाती चरणमा रहेको कानुनी विवादका सम्भावित दायित्व; सक्षम संस्थानलाई विगतमा दिइएका जमानत; निष्क्रिय कानुनी विवाद।

(ग) सम्भावित दायित्वको व्यवस्थापनः- संस्थानले सम्भावित दायित्वको व्यवस्थापन देहाय अनुसार गर्नु पर्दछः-

(१) सैद्धान्तिक रूपमा सम्भावित दायित्व वासलात बाहिर[२] लेखा टिप्पणी रहने भएकोले तत्काल वित्तीय घाटामा असर पार्दैनन्। तर, जोखिम स्तर गम्भीर र उच्च (Critical and High) भएका दायित्वलाई विश्लेषण गर्नु पर्दछ र आवश्यक भएमा पूर्व-कर दर (Pre-Tax Rate) प्रयोग गरी व्यवस्था (Provision) लेखाङ्कन गर्नु पर्दछ वा सम्भावित वित्तीय जोखिम र जोखिम न्यूनीकरणका उपायहरू स्पष्ट रूपमा लेखा टिप्पणीमा खुलासा गर्नु पर्दछ।

(२) मध्यम जोखिम स्तर (Moderate Risk Rating) भएका सम्भावित दायित्व ऋण व्यवस्थापन वा वित्तीय जोखिम प्रतिवेदनका ढाँचामा खुलासा गर्नु पर्दछ। यसमा

[२] वासलात बाहिर भन्नाले त्यस्ता सम्भावित दायित्व पर्दछन् जुन संस्थानको वित्तीय विवरणमा मापन वा खुलासा गरिएका हुँदैनन्, तर ती घटनाले संस्थानको वित्तीय जोखिम वा दायित्व सिर्जना गर्न सक्छन्।

दायित्वको प्रकृति, अनुमानित जोखिम, सम्बन्धित संस्थानले अपनाएका जोखिम न्यूनीकरणका उपायका अतिरिक्त जोखिमको मूल्याङ्कन (जस्तै; सम्भाव्यता र असर) र अनुगमन वा आकस्मिक योजना (Contingency Planning) सम्बन्धी जानकारी समावेश गर्नु पर्दछ।

(३) जोखिमको स्तर न्यून रहेका सम्भावित दायित्वको बारेमा वासलातको लेखा टिप्पणीमा संक्षिप्त वा तालिका तयार गरी उल्लेख गर्नु पर्दछ। यसमा सम्बन्धित दायित्वको प्रकार (जस्तैः जमानत, क्षतिपूर्ति आदि) सङ्केत गर्नु पर्दछ। यस्तो दायित्व सारभूतरूपमा प्रभावग्राही (Material) नभएसम्म विस्तृत विश्लेषण आवश्यक पर्दैन।

(घ) जोखिमको क्षेत्रगत वर्गीकरण- वित्तीय जोखिमका प्राथमिक क्षेत्र पहिचान र प्राथमिकता निर्धारण गर्न कार्यालयले संस्थानको तपसिल बमोजिम क्षेत्रगत विश्लेषण गर्नेछः

(१) औद्योगिक क्षेत्र (Industrial Sector)
(२) व्यापारिक क्षेत्र (Trading Sector)
(३) सेवा क्षेत्र (Service Sector)
(४) सामाजिक क्षेत्र (Social Sector)
(५) जनोपयोगी क्षेत्र (Public Utility Sector)
(६) वित्तीय क्षेत्र (Finance Sector)
(७) विकास समिति (Development Committee)

(ङ) जोखिम म्यापिङः जोखिमको म्यापिङका लागि क्षेत्रगत वित्तीय जोखिम म्याट्रिक्स (Sectoral Fiscal Risk Matrix) विकास गरी निम्न पक्षमा विश्लेषण गर्नु पर्दछः

(१) समष्टिगत रुपमा उच्च जोखिम भएका क्षेत्र (जस्तैः वित्तीय क्षेत्र)
(२) उच्च जोखिमका क्षेत्र भित्रको समूह (Cluster) (जस्तै वित्तीय क्षेत्र अन्तर्गतको वाणिज्य बैङ्क वा विकास बैङ्क वा अन्य समूहहरु)
(३) बारम्बार वित्तीय सहयोग वा अनुदान प्राप्त गरेका संस्थानहरू (संस्थानको वित्तीय अवस्था कमजोर भई बारम्बार अनुदान वा सहायता दिइएका संस्थानहरु)

१६. तथ्याङ्क व्यवस्थापन (Database Management): (१) कार्यालयले संस्थानको सम्भावित दायित्वको अभिलेख राख्न, अनुगमन गर्न र प्रतिवेदन तयार गर्न केन्द्रीकृत तथ्याङ्कीय प्रणालीको विकास तथा सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रणाली सञ्चालन गर्न आवश्यक तथ्याङ्क सङ्कलनमा एकरूपता एवं विश्वसनीयता कायम राख्न कार्यालयले प्रतिवेदन गर्ने सार्वजनिक संस्थानलाई मानकीकृत तथ्याङ्क सङ्कलन ढाँचा उपलब्ध गराउन सक्नेछ।

(३) उपदफा (१) बमोजिम कार्यालयले सञ्चालनमा ल्याउने प्रणालीमा आवश्यक तथ्याङ्क प्रविष्टि गर्नु सम्बन्धित संस्थानको कर्तव्य हुनेछ।

(४) कार्यालयले उपदफा (२) बमोजिम निर्माण गरेको ढाँचालाई संस्थानको प्रकृति र आवश्यकताका आधारमा समय-समयमा परिमार्जन गर्न सक्नेछ।

१७. **व्याख्या तथा बाधा अड्काउ फुकाउः** यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा भएमा वा बाधा परेमा मन्त्रालयले व्याख्या र बाधा अड्काउ फुकाउन सक्नेछ।

अनुसूचीहरु

अनुसूची १ जमानतको विवरण सङ्कलनको ढाँचा

As on ३१ Asadh २०xx

क. स.	मन्त्रालय / विभाग	संस्था /परियोजनाको नाम	परियोजनाको नाम	ऋण प्रदान गर्ने निकाय	ऋणको उद्देश्य	ऋणको रकम (रु. मिलियनमा)	जमानतको रकम (रु. मिलियनमा)	जमानतको अवधि	भुक्तानीको अन्तिम वर्ष	वर्षको अन्त्यमा बाँकी रकम (रु. मिलियनमा)	किस्ता नतिरेको, जमानत शुल्क नबुझेको, वित्तीय सल्लाहकारको टिप्पणी	जमानत नगदीकरणको सम्भावना (%)	अपेक्षित रकम* (रु. मिलियनमा)	जोखिम मूल्याङ्कन **
	क	ख	ग	घ	ङ	च	छ	ज	झ	ञ	ट	ठ	ड = (छ वा ण मा थोरै) * ठ	ढ
१														न्यून
२														न्यून
३														न्यून
४														न्यून
५														न्यून
६														न्यून
७														न्यून
८														न्यून
९														न्यून
१०														न्यून

नोटः * अपेक्षित रकम स्वचालित स्तम्भ हो, जसमा निश्चित हुने सम्भावनाको आधारमा गणना गरिएको दायित्वको रकम र वर्षको अन्त्यमा बाँकी रहेको जमानत रकममध्ये न्यून रकमको **गुणानफल** गरिन्छ।

**जोखिम मूल्याङ्कन एक स्वचालित स्तम्भ हो, जुन तथ्याङ्कको आधारमा ७०% माथि भएको अवस्थामा गम्भिर, ५०-६९% भएको अवस्थामा उच्च, ३०-४९% भएको अवस्थामा मध्यम र ०-२९% सम्म न्युनको रुपमा निर्धारण गरिन्छ।

अनुसूची २ सम्भावित दायित्वको विवरण सङ्कलनको ढाँचा

सार्वजनिक संस्थानको नाम

Figures as on ३x Ashadh ---- xxxx

क्र. स.	संभावित दायित्वको प्रकृति	संभावित दायित्वको वर्गीकरण (नोटः नयाँ तत्वका लागि नयाँ ठाउँ थप्नुहोला ।)	संभावित दायित्वको विवरण (नोटः नयाँ तत्वका लागि नयाँ ठाउँ थप्नुहोला ।)	संस्थानको नाम			
				व्यवस्थापनको प्रमाणिकरणको आधारमा निकालिएका रकम (a)	रूपान्तरण (crystallization) हुने सम्भावना (%) (b)	अपेक्षित दायित्व (रु.) (c) = (a)x(b)	जोखिम मूल्याङ्कन (स्वचालित स्तम्भ) (d)
१	संस्थाले दिएको जमानत	कर्पोरेट जमानत	कर्पोरेट जमानत भनेको सहायक कम्पनी वा सम्बन्धित पक्षको ऋण वा दायित्व भुक्तानी गर्न संस्थाले दिने जमानत हो ।			-	अति न्यून
		बैंक जमानत	बैंक जमानत भनेको संस्थाको तर्फबाट बैंकले तेस्रो पक्ष (सरकार, विक्रेता) लाई दिने जमानत हो।			-	अति न्यून
		कार्यसम्पादन जमानत	ग्राहकलाई संस्थाले सम्झौता अनुरुपको दायित्वहरू पूरा गर्नेछ भनी आश्वासन दिइएको जमानत हो (जस्तै, निर्माण वा सेवा सम्झौताहरू)।			-	अति न्यून
		वित्तिय जमानत	वित्तीय जमानत भनेको ऋणपत्र, ऋणजस्ता वित्तीय दायित्व तिर्ने जमानत हो, जसमा मूल दायित्ववाहकले नतिरेमा जमानत दिने संस्थाले भुक्तानी गर्नुपर्छ ।			-	अति न्यून
		आयातरनिर्यात जमानत	अन्तर्राष्ट्रिय व्यापार कारोबारमा दिइने जमानत, जसले भुक्तानी, प्रदर्शन वा अनुपालन जोखिमलाई समेट्न सक्छ।			-	अति न्यून
		मुद्दा सम्बन्धी जमानत	अदालतका मुद्दा वा विवादसँग सम्बन्धित रूपमा संस्था द्वारा दिइने जमानत ।			-	अति न्यून
		प्रदान गरिएको बैंक जमानत (उल्लेख गर्नुपर्ने)	अन्य कुनै बैंक जमानत (उल्लेख गर्नुपर्ने)			-	अति न्यून
		संस्थाले प्रदान गरेको अन्य जमानत	संस्थाले प्रदान गरेको अन्य जमानत				अति न्यून
२	प्रतिपत्र	प्रतितपत्र	प्रतितपत्र भनको खरिदकर्ता (संस्था) को तर्फबाट विक्रेतालाई भुक्तानी गर्ने बैंकको प्रतिज्ञा हो । (उद्देश्य उल्लेख गर्नुपर्ने)			-	अति न्यून
३	संस्थाविरुद्ध गरिएका दाबीहरू जुन ऋणको रूपमा स्वीकृत गरिएको छैनन्	मुद्दा र कानूनी विवादहरू	संस्था प्रतिवादी रहेको विचाराधीन अदालतका मुद्दाहरू (दीवानी वा फौजदारी)			-	अति न्यून
			पूर्वकर्मचारीहरूले गरेको गलतरूपमा निष्कासन वा क्षतिपूर्तिसम्बन्धी दाबी			-	अति न्यून
			ग्राहकहरूले उत्पादनमा त्रुटि, सेवा नपुगेको वा सम्झौता उल्लंघनका आधारमा दायर गरेका मुद्दाहरू			-	अति न्यून
			वातावरणीय क्षति वा प्रदूषणसम्बन्धी मुद्दाहरू			-	अति न्यून
			बौद्धिक सम्पत्ति विवाद (जस्तै, पेटेन्ट वा ट्रेडमार्क उल्लंघन)			-	अति न्यून
			कुनै पनि निकायमा चलिरहेको मध्यस्थता (arbitration)			-	अति न्यून
		कर विवादहरू	पुनरावेदन अन्तर्गतका आयकर मागहरू ।			-	अति न्यून
			विवादमा रहेका मूल्य अभिवृद्धि कर/अन्तःशुल्क दावीहरू ।			-	अति न्यून
			कम मूल्याङ्कन (under-invoicing) वा गलत वर्गीकरण (misclassification) का कारण भन्सार शुल्कको दावीहरू ।			-	अति न्यून
			कर प्राधिकरणले अस्वीकार गरेका खर्च/कटौतीहरू ।			-	अति न्यून
			संस्थाद्वारा चुनौती दिइएको मूल्य हस्तान्तरण (transfer pricing) समायोजनहरू ।			-	अति न्यून
		विक्रेता/आपूर्तिकर्ताहरूद्वारा गरिएका दावीहरू	विवादमा रहेका बीलहरू वा आपूर्ति सम्झौताहरू जुन अझै दायित्वका रूपमा मान्यता दिइएको छैन ।			-	अति न्यून
			सम्झौतामा ढिलाइ वा उल्लंघनका कारण जरिवाना वा क्षतिपूर्तिका दाबीहरू ।			-	अति न्यून
		ग्राहकहरूद्वारा गरिएका दावीहरू	उत्पादनमा त्रुटि, सेवा ढिलाइ वा परियोजनाको कार्यसम्पादन कमजोर भएको दाबीमा फिर्ता, जरिवाना वा क्षतिपूर्तिका दाबीहरू ।			-	अति न्यून
			नाफाको वा व्यवसायको नोक्सानीका लागि माग गरिएको क्षतिपूर्ति ।			-	अति न्यून
		सरकार वा नियामक प्राधिकरणहरूका दावीहरू	इजाजतपत्रका शर्तहरू (Licence Conditions) को उल्लंघन वा नियामक दायित्वहरूको गैर—अनुपालनका दावीहरू ।			-	अति न्यून
			अतिरिक्त दरको दाबी : नेपाल विद्युत प्राधिकरणद्वारा समर्पित फिडरका लागि माग गरिएको अतिरिक्त शुल्क रकम।			-	अति न्यून
			नेपाल विद्युत प्राधिकरणसँग गरिएको क्षतिपूर्ति माग			-	अति न्यून
			कम्पनी ऐन, विदेशी विनिमय नियमन ऐन जस्ता कानूनहरू अन्तर्गत जरिवाना वा दण्डको सूचना ।			-	अति न्यून
			दूरसञ्चार (स्पेक्ट्रम) वा खानी इजाजतपत्रसम्बन्धी मागहरू ।			-	अति न्यून
		सम्झौता रद्द भएको कारणले भएको क्षतिको लागि दाबी	सम्झौता रद्द भएको कारणले भएको क्षतिको लागि दाबी			-	अति न्यून
		विवादित कर्मचारी लाभ दावीहरू	उपदान, बोनस, पेन्सन, वा अतिरिक्त भुक्तानी (Ex gratia payment) सँग सम्बन्धित मुद्दाहरू।			-	अति न्यून
			सेवानिवृत्ति लाभहरू वा बढुवाको अनुचित अस्वीकृतिबाट उत्पन्न भएका विवादहरू ।			-	अति न्यून
		सम्पत्ति र जग्गा विवादहरू	सम्पत्तिको स्वामित्व वा कब्जा सम्बन्धी विवादित दावीहरू ।			-	अति न्यून
			अतिक्रमण, क्षेत्रीकरण उल्लंघन (Zoning Violation), वा भूमि अधिग्रहणका लागि स्थानीय अधिकारीहरू वा तेस्रो पक्षद्वारा दायर गरिएका मुद्दाहरू ।			-	अति न्यून
		बीमा सम्बन्धी विवादहरू	कम्पनीको गतिविधि वा कर्मचारीका कारण तेस्रो पक्षद्वारा दायर दुर्घटना वा क्षतिको दाबी ।			-	अति न्यून
			बीमा सुरक्षा, दायित्व वा क्षतिपूर्ति सम्बन्धी विवादहरू ।			-	अति न्यून

४	संकलन पत्र	संकलन पत्र	संकलनका लागि पठाइएका पत्रहरूले व्यापारिक कागजातहरू (जस्तै विनिमेयपत्र bill of exchange वा प्रतिज्ञापत्र -promissory notes) जनाउँछन्, जुन कुनै संस्थाले आफ्ना ग्राहकहरूबाट भुक्तानी संकलन गर्नका लागि बैंकमा बुझाउँछ।				-	अति न्यून
५	स्वीकृतिहरू	स्वीकृतिहरू	स्वीकृतिहरू भन्नाले संस्था (वा संस्थाको तर्फबाट) द्वारा स्वीकृत गरिएका विनिमेयपत्रहरूलाई जनाउँछ, जुन हालसम्म भुक्तानीको म्याद नपुगेका हुन्छन्।				-	अति न्यून
६	धरौटी	तेस्रो पक्षको ऋणका लागि प्रतिज्ञा गरिएका सम्पत्तिहरू	कुनै समूह अन्तर्गतको संस्थाले लिएको ऋणको लागि, संस्थाले आफ्ना मुद्दति निक्षेप (Fixed Deposits), जग्गा, वा शेयरहरू प्रतिज्ञा राखिदिएको अवस्था।				-	अति न्यून
		धरौटिको रूपमा धितो राखिएका शेयरहरू	सहायक कम्पनी वा संयुक्त संस्थामा संस्थाले लगानी गरेका शेयरहरू त्यो सहायक संस्था वा संयुक्त संस्थाले लिएको ऋणका लागि धितो राखिएका।				-	अति न्यून
		धितो राखिएको संस्थाको सम्पत्ति	संस्थाको स्वामित्वमा रहेको जायजेथा, संयन्त्र तथा उपकरण तेस्रो पक्षबाट लिइने वित्तीय ऋणका लागि धितोमा राखिएको।				-	अति न्यून
		बैंक खाताहरूमा ग्रहणाधिकारः	संस्थाले आफ्नो बैंक खाता वा मुद्दती निक्षेपमा, अर्को संस्थाले लिएको ऋणको धितोका लागि, ग्रहणाधिकार राख्न अनुमति दिने।				-	अति न्यून
		जम्मा		-			-	

नोटः रूपान्तरण (crystallization) को सम्भावना ७०% माथि भएको अवस्थामा गम्भिर, ५०-६९% भएको अवस्थामा उच्च, ३०-४९% भएको अवस्थामा मध्यम र ०-२९% सम्म व्युन / अति न्युन को रुपमा जोखिम मूल्याङ्कन गर्ने ।

अनुसूची ३ सम्भावित दायित्वको प्रतिवेदन ढाँचा

Figures as on ३x Ashadh ---- xxxx

			क्षेत्र	क्षेत्र								जम्मा									
क्र. स.	संभावित दायित्वको प्रकृति	संभावित दायित्वको वर्गीकरण (नोटः नयाँ तत्वका लागि नयाँ ठाउँ थप्नुहोला ।)	संभावित दायित्वको विवरण (नोटः नयाँ तत्वका लागि नयाँ ठाउँ थप्नुहोला ।)	--- संस्थान १ ---				--- संस्थान २ ---				जम्मा		व्यवस्थापनको प्रमाणिकरणको आधारमा निकालिएका रकम (रु.)				अपेक्षित दायित्व (रु.)			
				व्यवस्थापनको प्रमाणिकरणको आधारमा निकालिएका रकम (a)	रूपान्तरण (crystallization) हुने सम्भावना (%) (b)	अपेक्षित दायित्व (रु.) (c) = (a)x(b)	जोखिम मूल्याङ्कन (स्वचालित स्तम्भ) (d)	व्यवस्थापनको प्रमाणिकरणको आधारमा निकालिएका रकम (a)	रूपान्तरण (crystallization) हुने सम्भावना (%) (b)	अपेक्षित दायित्व (रु.) (c) = (a)x(b)	जोखिम मूल्याङ्कन (स्वचालित स्तम्भ) (d)	व्यवस्थापनको प्रमाणिकरणको आधारमा निकालिएका रकम (a + a)	अपेक्षित दायित्व (रु.) (c+c)	गम्भीर	उच्च	मध्यम	न्यून	गम्भीर	उच्च	मध्यम	न्यून
१	संस्थाले दिएको जमानत	कर्पोरेट जमानत	कर्पोरेट जमानत भनेको सहायक कम्पनी वा सम्बन्धित पक्षको ऋण वा दायित्व भुक्तानी गर्न संस्थाले दिने जमानत हो ।			-	न्यून			-	न्यून										
		बैंक जमानत	बैंक जमानत भनेको संस्थाको तर्फबाट बैंकले तेस्रो पक्ष (सरकार, विक्रेता) लाई दिने जमानत हो।			-	न्यून			-	न्यून										
		कार्यसम्पादन जमानत	ग्राहकलाई संस्थाले सम्झौता अनुरुपको दायित्वहरू पूरा गर्नेछ भनी आश्वासन दिइएको जमानत हो (जस्तै, निर्माण वा सेवा सम्झौताहरू)।			-	न्यून			-	न्यून										
		वित्तिय जमानत	वित्तीय जमानत भनेको ऋणपत्र, ऋणजस्ता वित्तीय दायित्व तिर्ने जमानत हो, जसमा मूल दायित्ववाहकले नतिरेमा जमानत दिने संस्थाले भुक्तानी गर्नुपर्छ ।			-	न्यून			-	न्यून										
		आयातरनिर्यात जमानत	अन्तर्राष्ट्रिय व्यापार कारोबारमा दिइने जमानत, जसले भुक्तानी, प्रदर्शन वा अनुपालन जोखिमलाई समेट्न सक्छ।			-	न्यून			-	न्यून										
		मुद्दा सम्बन्धी जमानत	अदालतका मुद्दा वा विवादसँग सम्बन्धित रूपमा संस्था द्वारा दिइने जमानत । जस्तै धरौटी, स्टे अर्डर			-	न्यून			-	न्यून										
		प्रदान गरिएको बैंक जमानत (उल्लेख गर्नुपर्ने)	अन्य कुनै बैंक जमानत (उल्लेख गर्नुपर्ने)			-	न्यून			-	न्यून										
		संस्थाले प्रदान गरेको अन्य जमानत	संस्थाले प्रदान गरेको अन्य जमानत			-	न्यून			-	न्यून										
		संस्थाले दिएको जमानतको जम्मा		-		-		-		-											
२	प्रतितपत्र	प्रतितपत्र	प्रतितपत्र भनको खरिदकर्ता (संस्था) को तर्फबाट विक्रेतालाई भुक्तानी गर्ने बैंकको प्रतिज्ञा हो । (उद्देश्य उल्लेख गर्नुपर्ने)			-	न्यून			-	न्यून										
		प्रतिपत्रको जम्मा		-		-		-		-											

		मुद्दा र कानूनी विवादहरू	संस्था प्रतिवादी रहेको विचाराधीन अदालतका मुद्दाहरू (दीवानी वा			-	न्यून			-	न्यून										
			पूर्वकर्मचारीहरूले गरेको गलतरूपमा निष्कासन वा क्षतिपूर्तिसम्बन्धी दावी							-	न्यून										
			ग्राहकहरूले उत्पादनमा त्रुटि, सेवा नपुगेको वा सम्झौता उल्लंघनका आधारमा दायर गरेका मुद्दाहरू							-	न्यून										
			वातावरणीय क्षति वा प्रदूषणसम्बन्धी मुद्दाहरू							-	न्यून										
			बौद्धिक सम्पत्ति विवाद (जस्तै, पेटेन्ट वा ट्रेडमार्क उल्लंघन)							-	न्यून										
			कुनै पनि निकायमा चलिरहेको मध्यस्थता (arbitration)							-	न्यून										
		कर विवादहरू	पुनरावेदन अन्तर्गतका आयकर मागहरू ।							-	न्यून										
			राजस्व न्यायाधिकरणसंगका कर सम्बन्धि मुद्दाहरु							-	न्यून										
			राजस्व न्यायाधिकरणमा LTP लाई तिर्नुपर्ने रकम सम्बन्धि करका मुद्दाहरु							-	न्यून										
			विवादमा रहेका मूल्य अभिवृद्धि कर/अन्तःशुल्क दावीहरू ।							-	न्यून										
			कम मूल्याङ्कन (under-invoicing) वा गलत वर्गीकरण (misclassification) का कारण भन्सार शुल्कको दावीहरू ।							-	न्यून										
			कर प्राधिकरणले अस्वीकार गरेका खर्च/कटौतीहरू ।							-	न्यून										
			संस्थाद्वारा चुनौती दिइएको मूल्य हस्तान्तरण (transfer pricing) समायोजनहरू ।							-	न्यून										
		विक्रेता/आपूर्तिकर्ताहरूद्वारा गरिएका	विवादमा रहेका बीलहरू वा आपूर्ति सम्झौताहरू जुन अझै दायित्वका रूपमा मान्यता दिइएको छैन ।							-	न्यून										
			एभरेस्ट ग्यास उद्योगबाट विवादित दावीको दायित्व							-	न्यून										
			सम्झौतामा ढिलाइ वा उल्लंघनका कारण जरिवाना वा क्षतिपूर्तिका दावीहरू ।							-	न्यून										
३	संस्थाविरुद्ध गरिएका दावीहरू जुन ऋणको रूपमा स्वीकृत गरिएका छैनन्	ग्राहकहरूद्वारा गरिएका दावीहरू	उत्पादनमा त्रुटि, सेवा ढिलाइ वा परियोजनाको कार्यसम्पादन कमजोर भएको दावीमा फिर्ता, जरिवाना वा क्षतिपूर्तिका दावीहरू ।							-	न्यून										
			नाफाको वा व्यवसायको नोक्सानीका लागि माग गरिएको क्षतिपूर्ति ।							-	न्यून										
		सरकार वा नियामक प्राधिकरणहरूका दावीहरू	इजाजतपत्रका शर्तहरू (Licence Conditions) को उल्लंघन वा नियामक दायित्वहरूको गैर–अनुपालनका दावीहरू ।							-	न्यून										
			अतिरिक्त दरको दावी : नेपाल विद्युत प्राधिकरणद्वारा समर्पित फिडरका लागि माग गरिएको अतिरिक्त शुल्क रकम।							-	न्यून										
			नेपाल विद्युत प्राधिकरणसँग गरिएको क्षतिपूर्ति माग							-	न्यून										
			कम्पनी ऐन, विदेशी विनिमय नियमन ऐन जस्ता कानूनहरू अन्तर्गत जरिवाना वा दण्डको सूचना ।							-	न्यून										
			दूरसञ्चार (स्पेक्ट्रम) वा खानी इजाजतपत्रसम्बन्धी मागहरू ।							-	न्यून										
		सम्झौता रद्द भएको कारणले भएको क्षतिको लागि दावी	सम्झौता रद्द भएको कारणले भएको क्षतिको लागि दावी							-	न्यून										
		विवादित कर्मचारी लाभ दावीहरू	उपदान, बोनस, पेन्सन, वा अतिरिक्त भुक्तानी (Ex gratia payment) सँग सम्बन्धित मुद्दाहरू।							-	न्यून										
			सेवानिवृत्ति लाभहरू वा बढुवाको अनुचित अस्वीकृतिबाट उत्पन्न भएका विवादहरू ।							-	न्यून										
		सम्पत्ति र जग्गा विवादहरू	सम्पत्तिको स्वामित्व वा कब्जा सम्बन्धी विवादित दावीहरू ।							-	न्यून										
			अतिक्रमण, क्षेत्रीकरण उल्लंघन (Zoning Violation), वा भूमि अधिग्रहणका लागि स्थानीय अधिकारीहरू वा तेस्रो पक्षद्वारा दायर गरिएका मुद्दाहरू ।							-	न्यून										
		बीमा सम्बन्धी विवादहरू	कम्पनीको गतिविधि वा कर्मचारीका कारण तेस्रो पक्षद्वारा दायर दुर्घटना वा क्षतिको दावी ।							-	न्यून										
			बीमा सुरक्षा, दायित्व वा क्षतिपूर्ति सम्बन्धी विवादहरू ।							-	न्यून										
संस्थाविरुद्ध गरिएका तर ऋणको रूपमा स्वीकृत नगरिएका दावीहरूको जम्मा										-											
४	संकलन पत्र	संकलन पत्र	संकलनका लागि पठाइएका पत्रहरूले व्यापारिक कागजातहरू (जस्तै विनिमेयपत्र bill of exchange वा प्रतिज्ञापत्र -promissory notes) जनाउँछन्, जुन कुनै संस्थाले आफ्ना ग्राहकहरूबाट भुक्तानी संकलन गर्नका लागि बैंकमा बुझाउँछ।							-	न्यून										
		संकलन पत्रको जम्मा								-											
५	स्वीकृतिहरू	स्वीकृतिहरू	स्वीकृतिहरू भन्नाले संस्था (वा संस्थाको तर्फबाट) द्वारा स्वीकृत गरिएका विनिमेयपत्रहरूलाई जनाउँछ, जुन हालसम्म भुक्तानीको म्याद नपुगेका हुन्छन्।							-	न्यून										
		स्वीकृति र दस्तावेज सम्बन्धी केडिट	स्वीकृति र दस्तावेज सम्बन्धी केडिट							-	न्यून										
		स्वीकृतिहरूको जम्मा								-											

६	धरौटी	तेस्रो पक्षको ऋणका लागि प्रतिज्ञा गरिएका सम्पत्तिहरू	कुनै समूह अन्तर्गतको संस्थाले लिएको ऋणको लागि, संस्थाले आफ्ना मुद्दति निक्षेप (Fixed Deposits), जग्गा, वा शेयरहरू प्रतिज्ञा राखिदिएको अवस्था।							-	न्यून										
		धरौटिको रूपमा धितो राखिएका शेयरहरू	सहायक कम्पनी वा संयुक्त संस्थामा संस्थाले लगानी गरेका शेयरहरू त्यो सहायक संस्था वा संयुक्त संस्थाले लिएको ऋणका लागि धितो राखिएका।							-	न्यून										
		धितो राखिएको संस्थाको सम्पत्ति	संस्थाको स्वामित्वमा रहेको जायजेथा, संयन्त्र तथा उपकरण तेस्रो पक्षबाट लिइने वित्तीय ऋणका लागि धितोमा राखिएको।							-	न्यून										
		बैंक खाताहरूमा ग्रहणाधिकारः	संस्थाले आफ्नो बैंक खाता वा मुद्दती निक्षेपमा, अर्को संस्थाले लिएको ऋणको धितोका लागि, ग्रहणाधिकार राख्न अनुमति दिने।							-	न्यून										
धरौटीको जम्मा										-											
		संभावित दायित्वको जम्मा								-											

नोटः रूपान्तरण (crystallization) को सम्भावना ७०% माथि भएको अवस्थामा गम्भिर, ५०-६९% भएको अवस्थामा उच्च, ३०-४९% भएको अवस्थामा मध्यम र ०-२९% सम्म न्युन / अति न्युन को रुपमा जोखिम मूल्याङ्कन गर्ने ।

अनुसूची ४ दायित्व स्थापित (Crystallization) हुने सम्भावनाको कारक तत्वहरू

तल प्रस्तुत गरिएका सङ्केतात्मक जोखिम प्यारामिटर (Parameters) तथा मूल्याङ्कन मापदण्ड (Criteria) प्रत्येक सम्भावित दायित्व स्थापित (Crystallization) हुने सम्भाव्यता आकलन गर्न मार्गनिर्देशनका लागि तयार गरिएको छ। यद्यपि, तिनिहरूको प्रयोग सम्बन्धित हरेक घटनाको विशेष परिस्थिति र स्तरलाई ध्यानमा राखी पेशागत विवेकशीलता उपयोग गरी मापन गर्नु पर्दछ।

कार्यालय वा संस्थान (SOE) ले प्रत्येक सम्भावित दायित्व स्थापित (Crystallization) हुने सम्भाव्यता निर्धारण गर्दा उपलब्ध भएसम्म प्रत्यक्ष सान्दर्भिकता भएका जानकारी तथा त्यसको हरेक पक्षको विचार गरी सूचित मापन (Informed Assessment) तयार गर्ने अपेक्षा राखिएको छ।

सूचित मापन तालिका

सम्भावित दायित्वको प्रकृति	जोखिम मापदण्डको सूचक	दायित्व स्थापित (Crystallization) हुने सम्भावना — जोखिम स्तर मापन सूचक (उच्च >७०%, मध्यम—उच्च >५०%—७०%, मध्यम >३०%—४९%, न्यून >०—२९%)
संस्थानले जारी गरेको जमानत र प्रतितपत्र	जमानत गरिएको पक्ष/ प्रतिपक्षको वित्तीय स्थिति	निरन्तर घाटा, ऋणात्मक खुद स्थिर सम्पत्ति (उच्च); ऋण र शेयरको अनुपात उच्च, चिन्ता लिनु पर्ने स्थितिको (मध्यम—उच्च); सञ्चालन आय घटबढ भइरहेको, सीमान्त ऋण सेवाको अनुपात (Marginal Debt Service Coverage Ratio) (मध्यम), नाफामूलक र सबल आर्थिक स्थिति (न्यून)
	बक्यौता/ बक्यौता अवधिको स्थिति	बक्यौता रहेको, निष्क्रिय सम्पत्तिमा वर्गीकृत (उच्च); भुक्तानीमा ढिलाई, बक्यौता भुक्तानीको पुनर्संरचनाको निरन्तरता (मध्यम—उच्च); बक्यौता भुक्तानी थोरै ढिला हुने (मध्यम); नियमित भुक्तानीको इतिहास (न्यून)
	बक्यौता असुलीका लागि विगतको कारवाही/ बक्यौताको प्रवृत्तिहरू	समान प्रकृतिका जमानत जारी गरिएको/ विगतमा प्रतितपत्रको भुक्तानी बक्यौता रहेको (उच्च); विगतमा एक दुई पटक जरिवाना लगाई भुक्तानी गर्ने गरेको (मध्यम—उच्च); स्वच्छ छवि भएको तर कमजोर क्षेत्र (मध्यम); विगतमा कुनै कारवाही वा बक्यौता नभएको, भुक्तानी नियमको पूर्ण पालना (न्यून)

	प्रतिपक्षको भुक्तानी क्षमता	संस्था दिवालिया भएको वा मुद्दा विवादमा रहेको (उच्च); संस्थामा तरलताको अभावमा, भुक्तानी ढिलाइ हुनु वा बक्यौतालाई सामान्य रूपमा लिइने (मध्यम-उच्च), बक्यौता नभएको तर व्यावसायिक सम्भावना कमजोर (मध्यम); संस्थान (जमानतको लागि)/ खरिदकर्ता (प्रतितपत्रको लागि) वित्तीय रूपमा सबल, बलियो क्रेडिट रेटिङ (न्यून)
संस्थान विरुद्धका दाबी ऋणको रूपमा अङ्गीकार नगरिएको	दावी सहितको कारण देखाउ अदालती आदेश (Show-Cause-Cum-Demand Notice)	दावी सहितको कारण देखाउ अदालती आदेश (Show-Cause-Cum-Demand Notice) जारी गर्ने निकायमा विवादित रहेको (न्यून)
	अदालती प्रक्रियाको चरण	अन्तिम आदेश जारी भएको छ तर कार्यान्वयन बाँकी वा पुनरावेदनमा रहेको (उच्च); प्रमाण पेस गर्ने, बहस गने कार्य सम्पन्न भई मुद्दा अन्तिम चरणमा रहेको (मध्यम-उच्च); मुद्दा प्रारम्भिक चरणमा रहेको (मध्यम); कुनै औपचारिक कानुनी कारवाही सुरु नगरिएको (न्यून)
	कानुनी आधार (कानुनी रायको आधारमा)	संस्थान विरुद्धको आरोपमा बलियो कानूनी आधार (उच्च); मिश्रित / अस्पष्ट कानुनी प्रावधान (मध्यम—उच्च); कानूनी आधार संस्थानको पक्षमा रहेको (मध्यम); संस्थानको पक्षमा बलियो कानूनी आधार रहेको (न्यून)
	वैधानिक / सम्झौताका प्रबन्ध	कानुनी दफाहरू स्पष्ट रूपमा दाबीकर्ताको पक्षमा रहेको (उच्च); अस्पष्ट दफाहरू, दोहोरो अर्थ लाग्ने (मध्यम—उच्च); दफाहरू कमजोर तर लागु हुने सम्भावना भएको (मध्यम); दफाहरू स्पष्ट रूपमा संस्थान अनुकुल (न्यून)
	नजिर (ऐतिहासिक दृष्टान्त)	अदालतले बारम्बार यस्तो मुद्दा विरुद्ध फैसला गरेको (उच्च); मिश्रित फैसला, केहीमा नोक्सानी बेहोर्नु पर्ने (मध्यम—उच्च); नजिर अनुकूल भए पनि सानातिना अपवाद भएको (मध्यम); संस्थानको पक्षमा हुने नजिर (न्यून)
तेस्रो पक्षको कर्जाका लागि संस्थानले प्रदान गरेको धितो/सुरक्षण	ऋणीको वित्तीय स्थिति	ऋणी दिवालिया भएको/ निष्कृय सम्पत्ति (NPA); ऋणको सावाँ ब्याज कुनै भुक्तानी नगरेको (उच्च); दिवालियामा ढिलाइ वा ऋणी संस्थाको पुनर्संरचना भई रहेको (मध्यम—उच्च);

		ऋणीको वित्तीय सूचकहरू कमजोर भएको (मध्यम); ऋणी आर्थिक रूपले मजबुत र ऋण तिर्ने कार्य गर्ने गरेको (न्यून)
	असुली प्रक्रियमा जानु पर्ने अवस्था विद्यमान छ?	बक्यौता असुलीका लागि सूचना जारी गरिएको वा बक्यौता भएको (उच्च); असुली प्रक्रियामा जाने अनौपचारिक सूचना प्राप्त भएको (मध्यम—उच्च); कर्जा प्रदान गर्ने संस्थाले निगरानी सुरु गरेको, निगरानीको सूचीमा समावेश भएको (मध्यम); कुनै किसिमको बक्यौता नभएको/ बक्यौता रहने जोखिम नगण्य (न्यून)
	विगतका दृष्टान्त (धितो/ सुरक्षण जफतको सूचना)	विगतमा यस्तै अवस्थाहरूमा संस्थानको धितो जफतका लागि सूचना जारी गरिएको (उच्च); सम्बद्ध पक्षहरूको अवलोकनबाट सामूहिक रूपमा धितोको जोखिम रहेको (मध्यम—उच्च); यस्तै प्रकृतिका अन्य संस्था वा व्यक्तिको कर्जामा धितो जफतका लागि सूचना जारी भएको पृष्ठभूमि रहेको (मध्यम); स्वच्छ छवि भएको, धितो जफतको कुनै अभिलेख नरहेको (न्यून)
जारी गरिएका प्रतितपत्र/ भुक्तानी सङ्कलनका लागि जारी भुक्तानी पत्र/ वित्तीय संस्थाले ग्रहण गरेको	नेपाल राष्ट्र बैङ्कको कर्जा वर्गीकरण तथा व्यवस्था (Provision) सम्बन्धी निर्देशन (NPA सम्बन्धी मापदण्ड) बमोजिम क्रेता/ रकम झिक्ने व्यक्ति (Drawee's)/ दायित्व वहनकर्ताको वित्तीय संस्थासँगको समग्र कर्जा जोखिम स्थिति	खराब/नोक्सान निष्कृय सम्पत्ति (NPA) भएको, १ वर्षभन्दा बढी बक्यौता रहेको (उच्च); निष्कृय सम्पत्ति (NPA) शंकास्पद रहेको, १८१ दिन देखि ३६५ दिनसम्म बक्यौता रहने गरेको (उच्च-मध्यम); निष्कृय सम्पत्ति (NPA) नरहेको, ९१ दिन देखि १८० दिनसम्म बक्यौता रहने गरेको (मध्यम); असल सम्पत्ति भएको/निगरानी सूचीमा रहेको, ९० दिन भन्दा कम अवधि बक्यौता रहने गरेको (न्यून)

****समाप्त****